मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

दबाबमा नपरी काम गर्न प्रहरीलाई प्रधानमन्त्रीको निर्देशन



समाचार पृष्ठ ५ मा

वर्ष ३ • अंक ९१ • २०८१ साल माघ २७ गते आइतबार • Sunday 09, February 2025 • सूर्योदय: बिहान ६:४६ बजे • सूर्यास्त: साँझ ५:५३ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## अवैध अस्पतालको बिगबिगी, नियमनकारी निकाय मौन

### जनकपुरधाम र वरिपरिका ९० प्रतिशत निजी स्वास्थ्य संस्था दर्ताबिना चलिरहेका छन्



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेशको राजधानी जनकपुरधाममा अवैधरुपमा अस्पताल खुल्ने क्रम बढेको छ । निजी अस्पताल तथा स्वास्थ्य संस्थाले उपचारका नाममा बिरामीबाट चर्को शुल्क असुल्छन् । अवैधरुपमा खुल्ने गरेका अस्पतालले सेवाभन्दा बढी नाफातिर ध्यान दिँदै आएका छन् । सरकारी अनुगमन फितलो भएकाले अवैधरुपमा अस्पताल खुल्ने क्रम बढेको हो ।

अवैधानिकरूपमा सञ्चालित जनकपुरधामस्थित मुस्कान अस्पतालमा पित्तथैलीको अप्रेसन गरेको बिरामीको २० दिनसम्म होस खुल्न सकेको छैन । माघ ३ गते नै पित्तथैलीको अप्रेसन गरेकी सर्लाही, हरिपुर्वा नगरपालिका–५ की बबिताकुमारी राय यादवको पित्तथैलीको अप्रेसन गर्दा उनी जीवनमरणको दोसाँधमा जुधिरहेकी छिन् । उनको परिवारका अनुसार चिकित्सकको लापरबाहीका कारण यस्तो अवस्था आएको हो । जनकपुरधाममा अवैध अस्पतालको बिगबिगी छ । ती अस्पतालमा जाने बिरामी भने चिकित्सकले लापरबाही गरेको खुलेपछि मात्रै घटना बाहिरिने गरेको छ । अस्पतालको अनुगमन र नियमनको जिम्मेवारी पाएको सम्बन्धित निकायको उदाशीनताका कारण मधेशको राजधानी जनकपुरधामसहित अन्य विभिन्न जिल्लामा अवैध अस्पताल मौलाइरहेका छन् । जसले बिरामीसँग खेलवाडसमेत गर्ने गरेका छन् । निजी अस्पताल सञ्चालक एसोसिएसन, जनकपुरका अध्यक्ष डा. एसके सिंहले आफूहरु नियमकानूनको परिधिमा आएर अस्पताल सञ्चालन गर्न तयार रहेको तर सरकारको केही कमजोरीका कारण अस्पताल कानूनको दायरामा आउन नसकेको हो । उनले कुनै अवैध अस्पताललाई सरकारले कारबाही गर्दा आपत्ति नरहेको बताए ।

सर्वसाधारणको सबैभन्दा महत्वपूर्ण सम्पत्ति नै स्वास्थ्य हो । तर, मधेश प्रदेशमा सञ्चालित निजी अस्पतालमा पटकपटक बिरामीको ज्यानसँग खेलबाड हुँदा पनि सरकार निरीह बनेको छ । कुनै कारबाही नभएपछि यहाँ गलत गर्नेहरूको मनोबल बढ्दै गएको छ । सरकारले कहिल्यै पनि अवैध अस्पताललाई अनुगमन गरेको देखिँदैन ।

जनस्वास्थ्य सेवा नियमावली, २०७७ को नियम १२ (१) मा कसैले पनि इजाजतपत्र नलिई निजी गैरसरकारी, सहकारी वा गैरनाफामूलक सामुदायिक स्वास्थ्य संस्था सञ्चालन गर्न वा त्यस्तो संस्थाबाट स्वास्थ्य सेवा उपलब्ध गराउन नहुने उल्लेख छ । तर जनकपुरधाम र वरिपरिका ९० प्रतिशत निजी स्वास्थ्य संस्था दर्ताबिना चलिरहेका छन् । यसले सरकारी नियमावलीलाई गिज्ज्याइरहेको छ ।

## नारायणी अस्पतालको भवन निर्माणमा दबाब दिन र्‍याली



**मधेशदृष्टि**
**वीरगंज ।**
देशकै पुरानो र वार्षिक ३० लाख भन्दा बढी सर्वसाधारणलाई सेवा दिइरहेको वीरगंजको नारायणी अस्पतालको भवन तत्काल निर्माणमा दबाब दिन चरणवद्ध आन्दोलन भइरहेको छ । ५ सय सैयाको अस्पताल भवन निर्माणमा ठेकेदार विवादका कारण अदालतमा मुद्दा चलिरहँदा भवन निर्माण चाँडै गर्न दबाब दिन शनिबार वीरगंजमा दबाब ¥याली भएको हो । नारायणी अस्पतालको प्राङ्गणबाट निस्केको ¥याली नगर परिक्रमा गर्दै घण्टाघर पुगेर कोणसभामा परिणत भएको थियो । ५ सय सैयाको भवन निर्माण समितिका संयोजक पूर्वसांसद राजेस्वर साह तेलीको नेतृत्वमा भएको दबाब ¬यालीमा चिकित्सक, नागरिक समाजका प्रतिनिधि लगायत सहभागी थिए ।

२०७४–७५ मा एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमअन्तर्गत नारायणी अस्पतालको ५ सय सैयाको भवन निर्माण गर्न शहरी विकास भवन कार्यालय वीरगंजबाट बोलपत्र भएको थियो । ५ वर्ष बितिसक्दा पनि भवन निर्माण शुरु भएको छैन । माघ २८ गते अदालतमा पेशी भएकाले पनि छिटो निर्माण आदेशका लागि वीरगंजबासीले आग्रह गरेका छन् । वीरगंज महानगरका पूर्वमेयर तथा पूर्व उद्योगपति विजय सरावगीले चाँडै नारायणी अस्पतालको फैसला टुंगो लगाउन अनुरोध गरेका छन् । जुनसुकै अस्पताल उद्योगपतिहरुले नै बनाइदिने र सबै अस्पतालमा गएर हेर्दा निर्माण गरिदिनेमा उद्योगपतिकै नाम रहेको तथा नेपाल सरकारको लगानी नरहेको उनले दाबी गरे । नारायणी अस्पतालको भवन जीर्ण भइसकेको र अस्पताल जाँदा भित्र पस्न पनि डरमर्दो भएको उनले बताए । देशमा जाँच आयोग लगायतका विभिन्न आयोग गठन हुने तर काम भने कुनै नहुने सरावगीको आरोप छ ।

## पुरन्दाहामा लाटोकोसेरो तथा हुचिल उत्सव



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको मिथिला बिहारी नगरपालिका वडा नम्बर २ मा लाटोकोसेरो तथा हुचिल महोत्वस भएको छ । महोत्सवको १२ औँ संस्करण भएको हो भने मधेशमा पहिलो पटक आयोजना भएको हो । मानव र जीवजन्तुको सम्बन्धका विषयमा चेतना जगाउने उद्देश्यले दुई दिनसम्म महोत्सव चलेको थियो । मिथिला वाइल्ड लाइफ ट्रस्ट धनुषा र प्रकृतिका साथीहरु संस्थाको सहकार्यमा महोत्सव आयोजना गरिएको हो ।

कार्यक्रममा मिथिलाको सांस्कृतिक झल्को दिने नाचगान, स्थानीय लोपोन्मुख खेलकुद प्रदर्शनी, रैथाने परिकारको बिक्रीवितरण र हस्तकलाका सामग्री प्रदर्शन गरिएका थिए । लाटोकोसेरोको विशेष रोबोट, अस्थायी सङ्ग्रहालय, र आठ प्रजातिका लाटोकोसेरोको आवाज सुन्ने तथा भिडियो हेर्ने व्यवस्था पनि गरिएको छ । त्रिभुवन विश्वविद्यालयअन्तर्गतको प्राकृतिक विज्ञान सङ्ग्रहालयबाट लाटोकोसेरोको नमूना पनि प्रदर्शनीमा राखिएको थियो । स्थानीय लोकनृत्य झरीको समेत आयोजना गरिएको थियो । जसमा प्रकृतिको संरक्षण गर्नुपर्ने सचेतनामूलक गीतसमेत प्रस्तुत गरिएको थियो ।

वन्यजन्तु अनुसन्धानकर्ता र वातावरण संरक्षणका विशेषज्ञले चरा संरक्षण, तस्करी नियन्त्रण र पर्यावरणीय सन्तुलनका विषयमा जानकारी प्रस्तुत गरे । साथै, स्थानीय उत्पादन प्रदर्शनी तथा बिक्रीका लागि राखिएका थियो । स्थानीय रामनारायण मण्डलले पहिला पहिलो गाउँघरमा धेरै

बाँकी पृष्ठ २ मा

## निर्माण मजदुर र गार्मेन्ट मजदुरमा नयाँ नेतृत्व




**मधेशदृष्टि**
**काठमाडौं ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले श्रमजीवीको हकअधिकारसहित उनीहरुको श्रमको उचित मूल्यांकन सरकारले गर्न नसकेको बताएका छन् । केपी शर्मा ओली सरकारका कारण श्रमजीवीले आफ्नो श्रमको उचित मूल्य नपाएको उनले बताए ।

आजपानिकट आमनिर्माण श्रमिक संघको शनिबार कोटेश्वर, काठमाडौँमा सम्पन्न प्रथम राष्ट्रिय भेलामा अध्यक्ष साहले श्रमजीवी वर्गको रोजगारी, सुरक्षा, सम्मान एवम् समृद्धिको विषयमा सरकार भगौडाजस्तो भागेर हिँडिरहेको आरोप लगाए ।

‘मुलुकको विकास, समृद्धिका लागि दिनरात मिहिनेत गर्ने श्रमजीवीहरुले अहिलेको बदलिँदो समयअनुसार श्रमको

बाँकी पृष्ठ २ मा

## राम मन्दिरको दक्षिणी द्वार शिलान्यास



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामको एतिहासिक राम मन्दिरको दक्षिण द्वार शिलान्यास गरिएको छ । प्रदेश सभा सदस्य दिपेन्द्र ठाकुर र जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साहले संयुक्तरुपमा द्वारको शिलान्यास गरे । प्रदेश सभा सदस्य ठाकुरको पहलमा करिब डेढ करोड रुपैयाँको योजनास्वरुप द्वार शिलान्यास गरिएको हो ।

प्रवेशद्वार निर्माणका लागि संसदीय कोष, उपमहानगरपालिका र संघीय कोषको संयोजन गरिएको छ । ५० लाख रुपैयाँ ठाकुरको संसदीय कोषबाट, ५० लाख जनकपुरधाम उपमहानगरपालिकाबाट र बाँकी ५० लाख प्रतिनिधि सभा सदस्य मनीष झाको पहलबाट जुटाइएको छ । प्रवेशद्वारसँगै

बाँकी पृष्ठ २ मा

पूर्ण खोप, सुरक्षित भविष्य
राष्ट्रिय खोप कार्यक्रम

पाठेघरको मुखको क्यान्सर विरुद्धको
एच.पि.भी. खोप अभियान २०८१
२०८१ माघ २२ देखि फागुन ६ गते सम्म




कक्षा ६ देखि १० सम्मका छात्राहरू र विद्यालय नजाने १० देखि १४ वर्ष उमेरका किशोरीहरूलाई मुख्यतः विद्यालय केन्द्रित खोप केन्द्रहरूबाट एच.पि.भी. खोप दिइँदैछ ।

थप जानकारीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पैसा नलाग्ने हेल्लो हेल्थ कल सेन्टर ११९५ वा नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस् ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा

# गाडी 'डाइभर्सन' गरेर जीर्ण पुल मर्मत गरिँदै

**सर्लाही ।**
पूर्व–पश्चिम राजमार्गअन्तर्गत सर्लाही र रौतहट जोड्ने बागमती पुलमा यातायातका साधन 'डाइभर्सन' गरेर मर्मत सुरु गरिएको छ । शनिबार दिउँसो १२ बजेदेखि पुलबाट यातायात आवागमन बन्द गरेर मर्मत शुरु गरिएको सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले जनाएको हो ।

पुलको सर्लाहीतर्फबाट पाँचौँ नम्बर स्पानको 'ब्यारिङ प्याडेस्टल' फुटेपछि केही दिनदेखि जोखिममा परेको थियो । आगामी फागुन १ गतेसम्मका लागि पुलबाट आवतजावत बन्द गरेर मर्मत गर्न लागिएको सडक डिभिजन कार्यालयका प्रमुख एवम् इन्जिनियर अरुणकुमार लाल कर्णले जानकारी दिए । मर्मत अवधिभर पुलबाट आवागमन बन्द गरिएपछि यातायातका साधन पाँच सय मिटर तल खोलाबाट डाइभर्सन गरिने उनले बताए ।

इन्जिनियर कर्णले खोलामा बालुवा, गिट्टी बिछ्याएर, पानी भएको ठाउँमा ह्युमपाइप राखेर डाइभर्सन निर्माण गरिएको उल्लेख गरे । उनका अनुसार 'ब्यारिङ प्याडेस्टल' फुटेपछि पाँचौँ नम्बर स्पान पुलको सतहबाट पाँच इन्चभन्दा तल सरेर उत्तरपट्टि ढल्किएको छ । समयमा मर्मत नगरे पुलका साथै पुल भएर वारपार गर्ने सवारीसाधन जुनसुकै बेला दुर्घटनामा पर्ने जोखिम बढेकाले मर्मत शुरु गरिएको प्रमुख कर्णले बताए । 'क्षति पुगेको पुलको स्पान केही तल सरेर ढल्केको छ,' उनले भने, 'जोखिम कम गराउन यसलाई समयमा मर्मत गर्नुपर्ने भएकाले आजदेखि प्राविधिकसहितको जनशक्ति खटाएका छौँ ।' तीन–चार दिनभित्रमा मर्मत काम सकेर पुनः यातायात सञ्चालन गरिने उनले बताए ।

प्रमुख कर्णका अनुसार पुलमा 'ब्यारिङ प्याडेस्टल' मर्मत गरेर दबिएको भागलाई उठाइने र स्पानलाई सोझो बनाइने छ । क्षतिग्रस्त बागमती पुल यसअघि सडक विभागअन्तर्गत पुल महाशाखाको टोलीले निरीक्षण गरेको थियो । महाशाखाको प्राविधिक टोलीसहित सडक डिभिजन कार्यालयका जनशक्ति पुल मर्मतका लागि परिचालन गरिएको छ । पुलको बीच भागमा स्पान सरेपछि सर्लाही र रौतहट दुवैतर्फका सुरक्षा निकायले केही दिनयता सवारी आवागमनलाई नियन्त्रण गरेका थिए । करिब ५५ वर्ष पुरानो पुल समयसमयमा मर्मत नहुँदा पटकपटक जीर्ण बन्ने गरेको छ । जीर्ण पुलबाट आफूहरूले जोखिम मोलेर सवारी सञ्चालन गर्नु परिरहेको यातायात व्यवसायी दीपक श्रेष्ठले गुनासो गरे । रासस

# प्रेस चौतारी पर्सामा मिश्र र भण्डारी आधा–आधा कार्यकाल चलाउने

**अफरोज अर्पण**
**वीरगंज ।**
प्रेस चौतारी नेपाल पर्साले छैठौं अधिवेशनबाट नयाँ नेतृत्व चयन गरेको छ । शनिबार घोषित मत परिणामबाट अध्यक्ष पदका उम्मेदवार तुलसी भण्डारी र निरञ्जन मिश्रले ४६ बराबर मत ल्याएपछि आधा–आधा कार्यकाल चलाउने सहमति भएको छ ।

पहिलो डेढ वर्ष मिश्रले चलाउने छन् भने बाँकीको कार्यकाल भण्डारीले चलाउने छन् । यसैगरी उपाध्यक्ष खुलामा राजेन्द्र सिंह नेपालीले ५० मत प्राप्त गरी विजयी भएका छन् भने उनका प्रतिद्वन्द्वी धन्नजय मिश्रले ४५ मत ल्याए । उपाध्यक्ष महिलामा लक्ष्मी खरेल ४७ मत ल्याएर विजयी भइन् भने एन्जल चौधरीले ४४ मत प्राप्त गरिन् । सचिवमा कृष्ण कुशवाहा ४९ मतका साथ विजयी भएका छन् भने उनका प्रतिद्वन्द्वी राजनबाबु रौनियार ४५ मत मात्र प्राप्त गरे ।

कोषाध्यक्षमा सन्तोष कुमार पटेल ५१ मत प्राप्त गरी विजयी भएका छन् । उनले आनन्द पटेललाई ८ मतले पराजित गरेका हुन् ।

अधिवेशनबाट सहसचिव खुल्ला पदमा पन्नालाल प्रसाद ५२ मत, सहसचिव समावेशीमा मन्सुर खान ५४ मत र दलित सदस्यमा राजु बैठा ५१ मत प्राप्त गरी विजयी भएका छन् ।

त्यसैगरी खुल्ला सदस्यमा राम कुशवाहा, नविन कार्की, नितेश कुमार कर्ण, कृष्ण प्रसाद श्रीवास्तव, शैलेश गुप्ता, विरेन्द्र साह, राजन कुमार सिंह, अर्जुन प्रसाद गुप्ता, बलिराम यादव, राजन बानियाँ निर्वाचित भएका छन् ।

यसैगरी केन्द्रीय परिषद् सदस्य महिलामा शुष्मा शर्मा निर्वाचित भएकी छन् भने खुल्लातर्फ किरणराज पाण्डे, संजिव कुमार मिश्र विजयी भएका छन् ।

प्रदेश परिषद् सदस्य महिलामा निलम पन्त विजयी भएकी छन् भने खुल्लातर्फ शेखर छतकुली, युवराज खड्का र धमेन्द्र चौरसिया विजयी भएका छन् ।

महिला उपाध्यक्ष खरेल, प्रदेश परिषद् सदस्य महिलामा पन्त र प्रदेश परिषद् खुल्लामा निर्वाचित खड्का निरंजन मिश्र प्यानलका हुन् भने बाँकी निर्वाचित तुलसी भण्डारी प्यानलका हुन् ।

# 'खेलकुदको माध्यमबाट धरानले इतिहास रचेको छ'

**सुनसरी ।**
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले खेलकुदको माध्यमबाट धरानले आफ्नो इतिहास रच्न सफल भएको बताएका छन् । धरान उपमहानगरपालिका–१६ स्थित रङ्गशालामा सम्पन्न २५औँ अन्तरराष्ट्रिय आमन्त्रण बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको समापन गर्दै उनले धरान सांस्कृतिक पर्यटनक्षेत्रदेखि खेलकुदको महत्वपूर्ण 'हब'का रूपमा स्थापित भएको बताए । मुख्यमन्त्री हिक्मतकुमार कार्कीले २५ वर्षसम्म निरन्तर प्रतियोगिता सञ्चालन गरेर नेपाली फुटबलको क्षेत्रमा नयाँ पहिचान



स्थापित गरिएको उल्लेख गरे । 'धरानको भविष्य खेलकुद र पर्यटन विकासमा उज्ज्वल छ । यहाँहरूले निरन्तर प्रतियोगिता आयोजना गरेर यसमा धेरै ठूलो योगदान गर्नुभएको छ । प्रदेश सरकारले धरानलाई पर्यटन र खेलकुदको केन्द्र बनाउन आवश्यक योजना तथा बजेटको व्यवस्था गर्नेछ,' उनले भने, 'धरानलाई सबै मिलेर समृद्ध र सबै क्षेत्रमा उत्कृष्ट नमूना नगरका रूपमा विकास गर्नुपर्ने आजको आवश्यकता छ । यहाँको विकास र समृद्धिका निम्ति प्रदेश सरकार सधैँ साथमा छ ।'

धरानमा खानेपानीको उपलब्धताका लागि प्रदेश सरकारले वार्षिक रूपमा भूमिगत पानीका लागि आवश्यक बजेट विनियोजन गर्दै आएको र अब अन्य योजना अगाडि बढाउने तयारी गरिरहेको मुख्यमन्त्री कार्कीको भनाइ थियो । रासस

# घाँस काट्न गएकी महिला बाघको आक्रमणबाट घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा शनिबार बाघको आक्रमणबाट एक महिला घाइते भएकी छन् । घाइते हुनेमा पर्साको पटेर्वा सुगौली गाँउपालिका वडा नम्बर २ मकवानी गाँउकी ३५ बर्षीया चाँदनी देवी रहेकी छन् । शनिबार दिउँसो गाउँ नजिकैको सात बिघा भन्ने स्थानमा घाँस काट्न गएका बेला चाँदनी देवीलाई बाघले आक्रमण गरेर घाइते बनाएको हो ।

बाघले झम्टिदा उनको बाँया हात र पाखुरामा गम्भीर घाउ भएको छ । घाइते उनको वीरगंजस्थित नारायणी अस्पतालमा उपचार भईरहेको र अवस्था खतरामुक्त रहेको ईलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक प्रकाश थापाले जानकारी दिए । घाँस काटिरहेका बेला अचानक आएको बाघले आक्रमण गरेर र गाँउलेले होहल्ला गरेपछि उक्त बाघ जंगलतर्फ भागेको घाइते चाँदनी देवीले बताएको थापाले जानकारी दिए ।

# सूर्यज्योतिको अवार्ड

**मधेशदृष्टि**
**काठमाडौँ ।**
जीवन बीमा कम्पनी सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीलाई इन्डियन च्याम्बर अफ कमर्सद्वारा आयोजित 'इमर्जिङ इन्स्योरेन्स अवार्डबाट सम्मान गरिएको छ । अवार्डको पाचौँ संस्करणअन्तर्गत ७ फेब्रुवरीमा इन्डियन चेम्बर अफ कमर्सले थाईलेन्डको बैंककमा आयोजना गरेको 'पाचौँ इमर्जिङ एसिया इन्स्योरेन्स अवार्ड २०२४ मा सूर्यज्योति लाइफले बेस्ट इन्नोभेसन्स अवार्ड हासिल गर्न सफल भएको हो ।




कार्यक्रममा भारत, नेपाल, बांगलादेश, भुटान, श्रीलंका, म्यानमार, थाइल्याण्डलगायत अन्य देशका इन्स्योरेन्स कम्पनीबाट उच्च पदाधिकारीको उपस्थिति थियो । विश्वविख्यात चार्टर्ड एकाउन्टेन्सी तथा कन्सल्टेन्सी संस्था पी डब्लु सी, इन्डियन इन्सिटिच्यूट अफ इन्स्योरेन्स, अन्तर्राष्ट्रिय बीमा विज्ञहरुलगायत थुप्रै प्रतिष्ठित संस्थाबाट स्वतन्त्ररुपमा मूल्यांकन गरी विभिन्न वित्तीय सूचाङ्कमा उत्कृष्ट कार्यसम्पादनको आधारमा अवार्ड प्रदान गरिएको हो । बिधाको अवार्ड सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीका अधक्ष्य केशव प्रसाद भट्टराईले ग्रहण गरेका थिए । कम्पनीका सञ्चालक हेमन्त नहाटा, कर्मचारीद्वय निरञ्जन रेग्मी र गीता बस्नेतको पनि उपस्थिति थियो ।

कार्यक्रममा नेपालबाट प्रतिनिधित्व गरेका सूर्यज्योति लाइफका सञ्चालक हेमन्त नहाटा प्यानल डिस्कसनमा वक्ताका रुपमा सहभागी थिए । सञ्चालक नहाटाले सोही अवसरमा सूर्यज्योतिले अवलम्बन गरेको डिजिटल प्रविधिको रणनीति र हाल नेपालमा बीमा क्षेत्रको अवस्था र यसका चुनौतीमाथि प्रकाश पारेका थिए ।

ऐतिहासिक सफल मर्जरको इतिहास रच्न सफल कम्पनीले छोटो अवधिमै हरेक सूचांकमा उत्कृष्टता हसिल गर्दै आइरहेको र यो अन्तर्राष्ट्रियस्तरको अवार्ड हासिल गर्न अहोरात्र खटिने कम्पनीका सम्पूर्ण कर्मचारी र अभिकर्ताको प्रमुख भूमिका रहेको जानकारी गराउँदै, नियमनकारी निकाय बीमा प्राधिकरणको मार्गनिर्देशन, कम्पनीको सञ्चालक समितिको हौसला र विश्वाशको लागि अध्यक्ष भट्टराईले कृतज्ञता व्यक्त गरे ।

# मधेशवादीलाई अध्यादेशको पक्षमा ल्याउने प्रयास

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी एमालेका महासचिव शङ्कर पोखरेलले सरकारले जारी गरेको अध्यादेशमा मधेशवादी दललाई सहमतिमा ल्याउन थालिएको बताएका छन् ।

एमाले बागमती प्रदेश कमिटीले भक्तपुरको गोठाटारस्थित मदन–आश्रति स्मृति प्राविधिक शिक्षालयमा आयोजना गरेको बागमती प्रदेशस्तरीय प्रशिक्षक–प्रशिक्षण कार्यक्रममा उनले मधेशवादी दललाई अध्यादेशको पक्षमा ल्याउने प्रयास भइरहेको बताए ।

'मधेशवादी दलले अध्यादेशलाई समर्थन गर्नका लागि अप्ठयारो मानेको देखिन्छ । तिनलाई सहमति गराएर यस विषयलाई अगाडि बढाउने पार्टीको सोच छ । त्यसका लागि प्रयास भइरहेको छ,' महासचिव पोखरेलले भने ।

उनले राज्य कमजोर पारेर व्यक्ति बलियो हुने प्रयास गर्न खोजिएको भन्दै बलियो राज्यले नै समाजलाई चाहेको दिशामा डोर्याउन सक्ने र त्यसका लागि पार्टीले काम गरिरहेको बताए । महासचिव पोखरेलले राजनीतिक धुव्रीकरण गर्दै ठूला पार्टीलाई बलियो बनाउँदै लैजानुपर्ने धारणा राखे । उनले दुई ठूला पार्टी लामो समयसम्म सँगै बस्न नसकिने भन्दै निर्वाचनमा अलग अलग भएर चुनावमा जाने बताए ।

'हाम्रो लक्ष्य फरक भएकाले लामो समयसम्म सँगै बस्न सकिँदैन । नीतिगत प्रतिस्पर्धा गर्ने बाटो तयार गर्नका लागि अहिले दुई पार्टी मिलेका हौँ । त्यो काम गर्छौं ।' रासस

# मोटरसाइकलसँगै लाखौँको भन्सार छलीको सामान बरामद

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहत समेतबाट खटिएको प्रहरी गस्ती टोलीले चेकिङक्रममा विभिन्न स्थानबाट लाखौँको भन्सार छलीको सामानसँगै २ जनालाई पक्राउ गरेको छ । गौरबाट चोरी भएको भारतीय नम्बरको एउटा मोटरसाइकल ६ दिनपछि प्रहरीले बरामद गरेको हो ।

विभिन्न सवारी साधन रोकेर चेकजाँच गर्नेक्रममा अबैधरुपमा भारतबाट भन्सार छली ल्याउँदै गरेको ३ लाख ४१ हजार ४ सय ८५ रुपैयाँ बराबरको किराना, कपडा, कस्मेटिक, स्पेयर पार्ट, भाडा कुडा, मोटरसाइकल २ थान र २ जना तस्करलाई समेत नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय रौतहटका सहप्रवक्ता इन्स्पेक्टर उमाशंकर प्रसादले बताए ।

बरामद सामान, मोटरसाइकलसँगै दुवैजना तस्करलाई आवश्यक कारबाहीका लागि शुक्रबार गौर भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ ।

उता गौर बजार क्षेत्रबाट माघ १७ गते चोरि भएको भारतीय नम्बर बिआर ०५ एवाई ६८६३ को अपाचे मोटरसाइकल गौर नगरपालिका–८ पुरेनवाबाट प्रहरीले बरामद गरी सम्बन्धित धनीलाई बुझाएको सहप्रवक्ता उमाशंकर प्रसादद्वारा जारी सूचनामा उल्लेख छ ।

# निर्माण मजदुर र गार्मेन्ट मजदुरमा...

मूल्य पाउन सकेका छैनन् । उनीहरुको श्रमको उचित मूल्यांकन गरेर श्रमको मूल्य निर्धारण गर्नुपर्ने सरकार भगौडाजस्तो भागेर हिँडिरहेको छ,' साहले भने, 'श्रम गरेपछि श्रमिकले उचित मूल्य पाउनुपर्छ, बदलिँदो समयअनुसार सरकारले श्रमिकको पारिश्रमिक निर्धारण गर्नुपर्छ तर सरकार श्रमिकबाट भागेर मालिकहरुको सेवामा लागेको छ ।'

वर्तमान सरकार श्रमिकको सरकार नभई मालिक, बिचौलियाको सरकार भएको टिप्पणी उनले गरे । बिचौलियाले मध्यरातमा बनाइदिएको प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार श्रमिकको नभई बिचौलियाकै सेवामा लागेकाले मुलुक असफलतातिर गइरहेको उनले बताए । सरकारले मुलुकमै रोजगार दिन नसकेपछि अहिले युवाले रोजगारीका लागि विदेशिने क्रम बढेको उनले बताए । नेपालमा स्वस्थ्य रहेको प्रमाणित भएपछि रोजगारीका लागि विदेश गएको भए पनि तिनीहरुको कसरी मृत्यु हुन्छ, त्यसबारे सरकारको कुनै चासो नभएको उनले बताए ।

आम निर्माण मजदुर संघका अध्यक्ष बिनोद चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा आजपाका वरिष्ठ उपाध्यक्ष एवम् संविधानसभाका सदस्य तिलक थापामगर, महासचिव त्रिभुवन साह, उपमहासचिव सिवी साह, उपमहासचिव धनकुमारी, सचिव देवी पण्डितलगायतको सहभागिता थियो । भेलाबाट बिनोद चौधरीको अध्यक्षतामा १ सय १ सदस्यीय आम निर्माण मजदुर संघको केन्द्रीय कमिटी सर्वसम्मत घोषणा भएको छ । आजपा उपमहासचिव एवम् आम ट्रेड युनियन फेडरेसनका इन्चार्ज धन कुमारीका अनुसार संघको उपाध्यक्षमा उपाध्यक्ष महम्मद आलम, आनन्द शर्मा, मोतिलाल चौधरी र सचिवमा चन्दु चौधरी छन् ।

यसैगरी, भेलाबाट आम गार्मेन्ट मजदुर संघको केन्द्रीय कमिटीसमेत गठन भएको छ । महेश चौधरीको अध्यक्षतामा ५१ सदस्यीय कमिटी गठन भएको हो । कमिटीको उपाध्यक्षमा शर्मिला लिम्बु, प्रकाश परियार, मनोज चौधरी, सचिवमा राजेन्द्र चौधरीलगायत छन् ।

# राम मन्दिरको दक्षिणी...

राम मन्दिरको पूर्वतर्फ रहेको पार्कको विकासका लागि पनि जनकपुरधाम उपमहानगरपालिकाले ५० लाख रुपैयाँ बजेट छुट्याएको छ । कार्यक्रममा बोल्दै प्रदेश सभा सदस्य ठाकुरले जनकपुरको ऐतिहासिक मन्दिर संरक्षणका लागि आफूले थालेको पहलले मन्दिरलाई आकर्षित बनाउन मदत पुग्ने बताए । मेयर साहले जनकपुरधामको विकासमा पर्यटकीय र मठमन्दिर महत्वपूर्ण रहेको बताए । शिलान्यास समारोहमा राम मन्दिरका महन्थ राम गिरी, वडा नम्बर–४ का कार्यबाहक अध्यक्ष महेश कुमार साह, महावीर युवा कमिटीका अध्यक्ष अजय कुमार गुप्ता, मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी, माँ जानकी यातायातका अध्यक्ष मनोज कुमार चौधरी, जनकपुरधाम उपमहानगरपालिकाका कार्यपालिका सदस्य राकेश बिक्रम साह, जनकपुरधाम उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष जीतेन्द्र महासेठ, पूर्ववरिष्ठ उपाध्यक्ष मनिष रमण साहलगायत अन्य विशिष्ट व्यक्तिको उपस्थिति थियो ।

# पुरन्दाहामा लाटोकोसेरो तथा हुचिल...

किसिमका चरा देखिने गरिएको भए पनि उनीहरुको बाँसस्थान नासिएका कारण अहिले देखिन छाडेको बताए ।

उनले लाटोकोसेरो मात्रै होइन, धेरै प्रकारका चराको बासस्थान लोप हुन लागेको, कतिपय चरा देखिन छाडिएको बताए । उनले भने, 'पहिला गाउँघरमा ठूला वृक्ष हुन्थ्यो, त्यसमा चराको बास हुन्थ्यो, अहिले विनास भएको र आफूहरुले संरक्षण गर्दै आएको चरासमेत देखिन छाडेको छ, यस्तै अवस्था रहे आउने दिनमा धेरै किसिमका चरा लोप हुनेछ ।' प्रदर्शनीमा पाइने गरेका विभिन्न पुतलीको समेत फोटो प्रदर्शनमा राखिएको छ । कतिपय पुतलीसमेत लोप भइरहेको अवस्थामा छ । पुतलीका विषयमा फोटो संकलनदेखि यसको खोज अनुसन्धान गर्दै आएका पोखराका अमन सुनारले प्रकृतिमा आइरहेको ह्रासले तराई मधेशका विभिन्न ठाउँबाट पुतली लोप भइरहेको बताए । उनले नेपालमा ६ सय ७६ भन्दा बढी प्रकारका पुतली पाइने गरिएको भए पनि अहिले खेतीमा विषाक्त प्रयोगले कतिपय पुतली लोप हुने अवस्थामा पुगेको बताए ।

उनले भने, 'विशेष गरी वातावरणमा परिरहेको प्रभावका कारण पुतली लोप हुने अवस्थामा पुगेको छ ।' उनले दिनमा देखिने पुतली र रातमा देखिने पुतली फरक हुने गरेको र बढी रातमा देखिने करिब चार हजार पुतली पाउने गरेको बताए । त्यसमा पनि धेरै लोप भइसकेको बताए । आयोजक मूल समितिका संयोजक देवनारायण मण्डलले लाटोकोसेरो किसानका सच्चा साथी भएको बताए । उनले यसले किसानको खेलामा लाग्ने मुसा खाने गरेको र मुसा पनि राति खेतमा निस्किने र लाटोकोसेरो पनि राति नै निस्किने गरेकाले उसको आहारसमेत हुने गरेका कारण लाभ मिल्ने गरेको बताए । उनले एउटा लाटोकोसेरोले एक मौसममा झण्डै तीन हजार मुसा खाएर किसानलाई सहयोग पु¥याउने बताए । लाटोकोसेरोले किरा फट्याङ्ग्रा, सर्प र भ्यागुता नियन्त्रणमा पनि महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । विज्ञहरुका अनुसार नेपालमा २३ प्रजातिका लाटोकोसेरो पाइन्छन् । जसमा आठ प्रजाति दुर्लभ मानिन्छन् । दुई प्रजाति लोप भइसकेको अनुमान छ । नेपालबाट वार्षिक दुई हजारभन्दा बढी लाटोकोसेरोको अवैध तस्करी हुने गरेको छ । जुन पर्यावरणीय सन्तुलनका लागि गम्भीर खतरा हो । पर्यावरण सन्तुलनका विषयमा सचेतना जगाउने उद्देश्यले महोत्सव गरिएको र महोत्सव अवलोकन गर्न विभिन्न भूगोलबाट विद्यार्थी र सर्वसाधारणहरु आएका छन् ।



**पुल मर्मत गरिँदैः** पूर्वपश्चिम राजमार्गस्थित सर्लाही र रौतहटलाई जोड्ने बागमती नदीमाथिको पुल पाँच नम्बर स्पानको 'ब्यारिङ प्याडेस्टल' फुटेर जीर्ण बनेपछि फागुन १ गतेसम्म यातायात बन्द गरेर मर्मत गरिँदै । तस्बिरः सिङ्गबहादुर थापा/रासस

# वनक्षेत्र नजिकका बस्तीमा जङ्गली हात्तीको उपद्रो

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको उत्तरी भेगका वनक्षेत्र नजिकका बस्तीमा जङ्गली हात्तीले उपद्रो मच्चाएको छ । पूर्वपश्चिम राजमार्गक्षेत्र दायाँबायाँका वन नजिकका बस्तीमा पछिल्ला तीन दिनयता जङ्गली हात्तीको उपद्रो बढेको हो । जिल्लाका गौशाला र बर्दिबास नगरपालिका क्षेत्रका बस्तीमा समूहमा पसेका जङ्गली हात्तीले उपद्रो मच्चाएका छन् । तीन वटाको समूहमा बस्ती पस्ने हात्तीले मध्यरातपछि उपद्रो मच्चाउने गरेको बर्दिबास–५ गणन्ताका ८५ वर्षीय धनबहादुर स्याङ्वा बताउनुहुन्छ । यसपालि पछिल्लो एक सातादेखि दिनभरि वनक्षेत्रमा लुकेर राति बस्ती पस्ने हात्तीले बर्दिबास नगरक्षेत्रभन्दा गौशालामा बढी क्षति गरेको छ । बिहीबार रातीमात्र हात्तीले गौशाला–८ ढल्केबरमा पाँच÷सातवटा गोठघर भत्काइ दिएको छ । गज, ढोइ र छावासहितको हात्तीको समूहले सागरनाथ वनविकास परियोजनाको प्लटसँगै जोडिएका गौशाला–८ का पाँचभन्दा बढी बस्तीमा उखु, केरा, कोवी, मकै र गहुँसहितका बाली उखेल्ने, माड्ने गरेर क्षति पु¥याएको छ । जङ्गली हात्तीको समूह बिहानपख बर्दिबास–५ को सोनापेटी, ढुङ्ग्रे र खयरमाराका दक्षिणीटोल पसेको स्थानीयले बताएका छन् ।

अधिकांश मध्यरातपछिको समयमा हात्ती बस्ती पस्ने गरेको र बिहान चार बजेअघि नै वनक्षेत्रको सुरक्षित बासस्थानतिर जाने गरेको गौशाला–८ ढल्केबरकै मीन रहपाल बताउनुहुन्छ । पछिल्लो जारी साताभित्रै (गत आइतबारयता ) हात्तीको समूहले आफ्नो वडाका विभिन्न बस्तीमा गरी १० बिघा बढीको बालीनाली सखाप पारेको गौशाला–८ का वडाअध्यक्ष भोजबहादुर दर्लामी बताउँछन् ।

जङ्गली हात्तीले बर्सेनीजसो बर्दिबास र गौशालाका बस्तीमा उपद्रो मच्चाउँदै आएपनि यसको समाधान भने हुन सकेको छैन । हात्तीले गत वर्ष हिउँदमा बर्दिबास–३ पाटुमा दुई वटा घर नै लडाएर विचल्ली बनाएको थियो । त्यसअघि हात्तीले बर्दिबास–३ कै पर्साहीधाप र रजबासका सात घर भत्काएको पीडितले अझै बिर्सेका छैनन् । यसपालि सर्लाहीतिरबाट महोत्तरी पसेको हात्तीले एक साताअघि छिमेकका सर्लाहीका बस्तीमा बालीनाली निकै क्षति गरेको थियो । कहिले सिन्धुलीतिरबाट चुरे कटेर महोत्तरी पस्ने हात्तीले धनुषाको मिथिला नगरपालिकाको ढल्केबर शिरानका बस्तीसम्म उपद्रो मच्चाउने गरेको छ । पाँच वर्षअघि त हात्तीले ढल्केबरमा घर भत्काएर मान्छेलाई सुँडले तान्दै पछारेर मारेको जनाइएको छ । यी जङ्गली हात्ती आफ्नो पुरानो बाटोमै हिड्ने गरेका वन्यजन्तुविज्ञको भनाइ छ । तर पछिपछि हात्तीका पुराना बाटा फाँडिएर घर बनेपछि त्यस्तै ठाउँ नजिक हात्तीको उपद्रो बढ्ने गरेको छ । हात्तीको बाटो एकअर्को पुस्तासँग जोडिदै आउने गरेको विज्ञ बताउँछन् । अहिले बाबुआमासँग आएको छावा पछि यही बाटो अनुसरण गर्ने र त्यसपछि उसँग हिड्नेसँग बाटोको सम्बन्ध जोडिदै जाने परम्परा बसेको हेमन्तप्रसाद साह बताउँछन् । अहिले हात्तीको उपद्रो बढेका बेला तत्काल वनसम्बद्ध कार्यालय र वन सुरक्षाकर्मीले यसको कुशल व्यवस्थापनको चाँजो मिलाउन पर्ने बर्सेनीजसो क्षति पु¥याउँदै आएको बर्दिबास–३ का वडाअध्यक्ष विराटकुमार विष्टको भनाइ छ । यसैबीच डिभिजन वन कार्यालय महोत्तरीका प्रमुख अजयकुमार मिश्रले मातहतका सबै सवडिभिजन वन कार्यालय र वनसुरक्षा गस्तीलाई सचेतता अपनाउन र बस्ती पस्ने हात्ती धपाउने कार्यमा स्थानीयबासीसँग सहकार्य गर्न भनिएको बताएका छन् । यसबारे नजिकको पर्सा वन्यजन्तु आरक्षण केन्द्रलाई यसबारे जानकारी गराइने मिश्रको भनाइ छ ।

# डिआइजी आचार्यद्वारा ठोरी प्रहरी कार्यालयको निरीक्षण



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका प्रहरी डिआइजी लालमणि आचार्यले पर्साको ठोरी प्रहरी कार्यालयको निरीक्षण गरेका छन् । डिआइजी आचार्यले शनिबार इलाका प्रहरी कार्यालय ठोरीको निरीक्षण गरेका हुन् । उनले गैर कानूनी गतिबिधि नियन्त्रण गर्न प्रहरीलाई अझ बढी क्रियाशिल हुन निर्देशन दिए । उनले अनाधिकृत रुपमा लागू औषधको ओसार पसार लगायतका अपराधिक गतिविधि नियन्त्रण गर्नका लागि प्रहरीले सफलता पाउन आवश्यक रहेको बताए । डिआइजी आचार्यले आज इलाका प्रहरी कार्यालय ठोरीको निरीक्षणको क्रममा स्थानीय प्रहरीको काम कारबाही र बसोबासको अवस्थाबारे निरीक्षण गरेका थिए । संगठनको नीति अनुसार स्थानीय प्रहरी कसरी चलेको छ त्यसबारे निरीक्षण तथा स्थानीयसंग भेटघाट गरिएको उनले बताए । निरीक्षणका क्रममा ठोरी इलाका प्रशासन नजिकका स्थानीयसंग प्रहरीको कामकारबाहीबारे सोधपुछ समेत गरिएको डिआइजी आचार्य बताउँछन् । उनका अनुसार सोधपुछका क्रममा स्थानीयले प्रहरीको कामकारबाही प्रशंसा योग्य रहेको सुनाएका छन् ।

# ११ जना फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
विभिन्न मुद्दामा फैसला भएका एक हजार ५७ रुपैयाँ जरिवाना नतिर्दा रौतहटमा एघार जना पक्राउ परेका छन् । रौतहट प्रहरीले पाँचदेखि दुइसयसम्म अदालतबाट जरिवाना भएका एघार जना फरार प्रतिवादीलाई पक्राउ गरेको हो । जिल्ला अदालत रौतहटबाट विभिन्न मुद्दामा ५ रुपैयाँदेखि २ सयसम्म जरिवाना भएका फरार प्रतिवादीलाई पक्राउ गरिएको रौतहट प्रहरीले जानकारी दिएको छ । एक विज्ञप्ति जारी गर्दै जिल्लाको विभिन्न ठाउँबाट विभिन्न मुद्दाका फरार ११ जना प्रतिवादीलाई पक्राउ गरिएको भनिएको छ । प्रहरीले जारी गरेको विज्ञप्तिमा लेखिएको छ – अदालतको फैसला कार्यान्वयन अन्तर्गत अदालतबाट कैद तथा जरिवाना तोकिएका फरार प्रतिवादीहरुलाई पक्राउ गरिएको छ । जसामा बढी गरी किर्ते जालसाजीका ९ जना र गाली बेइज्जतीका एक र कुटपिट मुद्दाको एकजना फरार प्रतिवादी रहेको भनिएको छ ।

प्रहरीको टोलीले किर्ते मुद्दाका शेख अजिज मियाँ दर्जी, जमिल अख्तर, शेख बनु, शेख हबुब, गाली बेइज्जतीका शेख टइट र कुटपिटका रामबिलास पटेललाई पक्राउ गरेको छ भने किर्ते जालसाजी मुद्दाका जगामाझी मुसहर, बाबुलाल माझी, धुनिया मुसहर्नी र कैलास माझीलाई पक्राउ गरेको हो । पक्राउ परेकाहरुमध्ये अदालतबाट भएको फैसलामा एक जनालाई पाँच रुपैयाँ, ४ जनालाई जनही ८÷८ रुपैयाँ तथा एकजनालाई २० रुपैयाँ र पाँचजनालाई जनही २÷२ सय रुपैयाँ जरिवानाको भएको प्रहरीको विज्ञप्तिमा उल्लेख छ । अर्थात् ११ जनाबाट कुल १ हजार ५७ रुपैयाँ जरिवाना असुल्न गर्ने फैसला भएको विज्ञप्तिमा भनिएको छ ।

# सात सय २६ केजी गाँजा बरामद




**मधेशदृष्टि**
**सप्तरी ।**
बोदे बरसाइन नगरपालिका–३ स्थित हुलाकी राजमार्गबाट सात सय २६ केजी गाँजा बरामद भएको छ ।

बिहुल पुलभन्दा एक सय मिटर पूर्वतर्फ प्र.१–०२–००२ च ५८३८ नम्बरको स्कारपियोबाट आज उक्त परिमाणको गाँजा बरामद भएको हो । मौवहा मल्हनिया प्रहरी चौकीका प्रमुख प्रहरी सहायक निरीक्षक हेमन्त तामाङ्का अनुसार सवारीसाधनका चालक फरार छन् । उनको खोजी भइरहेको छ । गत पुस २७ गते पनि बलान बिहुल गाउँपालिका–१ कमलदाहाबाट ६७० किला तथा मङ्सिर ४ गते जिल्लाको राजगढ गाउँपालिका–४ बेल्ही चपेनाबाट टिपर र चालकसहित एक हजार सात सय १७ किलो गाँजा बरामद भएको थियो ।

# नेवा देय दबूको कार्यक्रममा ५५ जनाद्वारा रक्तदान



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा शनिबार नेवा देय दबूले आयोजना गरेको रक्तदान कार्यक्रममा ५५ जनाले रगत दान गरेका छन् । माईस्थानस्थित गहवामाई मन्दिर अगाडि आयोजित कार्यक्रममा ७ जना महिलासहित ५५ जनाले रगत दान गरेका हुन् । रक्तदान गर्नेहरूमा भिखा श्रेष्ठ, रेनु श्रेष्ठ, मनीषा चौधरी, नितेश पाण्डे, मनोहर शेष, सुनिल श्रेष्ठ, विनीत कर्ण, शैलेन्द्र कुमार साहलगायतका रहेका छन् । नेवा देय दबू वीरगंज महानगर समितिका अध्यक्ष सत्यम खड्गीको अध्यक्षता तथा प्राध्यापक डाक्टर दीपक शाक्यको प्रमुख आतिथ्ययतामा भएको रक्तदान कार्यक्रममा संस्थाका वरिष्ठ उपाध्यक्ष जुलुम खड्गी, कार्यक्रम संयोजक दिनेश जोशी, महिला कोषाध्यक्ष साबाना श्रेष्ठ, जुली श्रेष्ठ, प्रेमा श्रेष्ठ, मधेस प्रदेश वरिष्ठ उपाध्यक्ष दीपेन्द्र वैद्य, सुनिल श्रेष्ठलगायतकाको पनि उपस्थिति रहेको नेपाल रेडक्रस सोसाइटी रेशमकोठी उपशाखाको युवा संयोजक अभिलाष गुप्ताले जानकारी दिए ।

# पटेर्वा सुगौलीमा पाँच भट्टी नष्ट



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले घरेलु मदिरा उत्पादन तथा बिक्री वितरण रोक्न फेरि कडा कदम चालेको छ । हालै सरुवा भएर आएका प्रहरी उपरीक्षक (एसपी) गौतम मिश्रको निर्देशनमा जिल्लाभर व्यापक सर्च अभियान सञ्चालन गर्दै अवैध रक्सी भट्टी नष्ट गर्ने कार्यलाई तीव्र पारिएको छ । यसै क्रममा शुक्रबार प्रहरी चौकी झबराहाबाट खटिएको टोलीले एकै दिन पाँच वटा अवैध भट्टी तोडफोड गर्नुका साथै २५० लिटर कच्चा पदार्थ र १५० लिटर तयारी घरेलु मदिरा नष्ट गरेको छ ।

जिल्लाको पटेर्वा सुगौली – ३ झबराहाका विभिन्न घरमा सञ्चालित पाँच वटा अवैध रक्सी भट्टीमा छापा मार्दै, प्रहरी टोलीले भट्टीहरू ध्वस्त पारेको छ । प्रहरीले रक्सी उत्पादनमा प्रयोग हुने विभिन्न मेसिन, भाँडाकुँडा समेत नियन्त्रणमा लिएको छ । एसपी मिश्रका अनुसार, अब जिल्लामा अवैध मदिरा उत्पादन तथा बिक्री वितरणलाई पूर्ण रूपमा रोक लगाइनेछ ।

पर्सा प्रहरीले जिल्लाभर रहेका अन्य अवैध रक्सी उत्पादन केन्द्र पहिचान गरी सखाप पार्ने योजना बनाएको छ । प्रहरीका अनुसार, अवैध घरेलु मदिरा बिक्री तथा उत्पादन गर्नेहरूलाई निगरानीमा राखी, आवश्यक परे कारबाही पनि गरिनेछ । प्रहरीको अभियानले स्थानीय स्तरमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । सामाजिक विकृति हटाउन र अवैध धन्दालाई रोक्न प्रहरीले अझै कडा निगरानी गर्ने बताएको छ ।


# बिहान ५ बजे नै पिडिएफ उपलब्ध




मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।


# सीमानाकाबाट एकजनाको उद्धार

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको सदरमुकाम गौरसँग सिमाना जोडिएको भारतीय बजार बैरगनिया छेउको दशगजाबाट शुक्रबारराति घाइते अवस्थामा एकजना नेपालीलाई प्रहरीले उद्धार गरेको छ । धारिलो हतियार प्रहारबाट घाइते अवस्थामा गौर नगरपालिका १ का २५ वर्षीय अजित कुमार पासवानलाई बैरगनिया सीमाको दशगजाबाट फेला पारी उपचारको लागि प्रादेशिक अस्पताल गौरमा पठाइएको जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरेले बताएका छन् । पासवानको छातीको बायाँ भागमा चोट लागेको छ । घटना सम्बन्धी अन्य अनुसन्धान कार्य भई रहेको एसपी घिमिरेले जानकारी दिए । गएराति करिब ९ बजेको समयमा गौर १ दशगजास्थित भारतबाट नेपाल तर्फ आउँदै गर्दा दश गजा क्षेत्रमा भारत पट्टि भारतीय सीमा सुरक्षा बल एसएसबीले पासवानलाई घाइते अवस्थामा फेला पारी भन्सार सुरक्षा गार्ड गौरलाई बुझाएको थियो ।

## सम्पादकीय

# नारायणी अस्पतालको काम अघि बढाऊ

*वीरगंजस्थित नारायणी अस्पतालको भवन निर्माण र स्तरोन्नति पाँच वर्षदेखि अलपत्र परेको भन्दै यथाशीघ्र काम शुरु गर्न आमनागरिक समाज, स्वास्थ्यकर्मी र स्थानीयले दबाबमूलक र्‍याली गरेका छन् । भवन निर्माणसम्बन्धी मुद्दा पाँच वर्षदेखि सर्वोच्च अदालतमा विचाराधीन हुँदा स्तरोन्नति काम अलपत्र परेको भन्दै यथाशीघ्र काम शुरु गर्नुपर्ने मागसहित आमनागरिक समाज र स्थानीयले एक सातादेखि दबाबमूलक कार्यक्रम गर्दै आइरहेका छन् । अस्पताल जस्तो संवेदनशील क्षेत्रको भवन निर्माण गर्ने मुद्दा पाँच वर्षदेखि सर्वोच्च अदालतमा विचाराधीन हुँदा स्वास्थ्य सेवा प्रभावित भएकाले यथाशीघ्र समस्या समाधान गरी निर्माण अघि बढाउनुपर्ने मागसहित दबाबमूलक कार्यक्रम थालिएको आमनागरिक समाजले जनाएको छ। नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. चुमनलाल दासले अस्पताल स्तरोन्नतिसम्बन्धी मुद्दा सर्वोच्च अदालतमा पाँच वर्षदेखि विचाराधीन भएकाले शय्या र सेवा विस्तार गर्ने योजनामा असर पारिरहेको बताए । सङ्घीय सरकारले आर्थिक वर्ष २०७५–७६ मा नारायणी अस्पतालको नयाँ भवन निर्माण गर्न भ्याटसहित  डेढ अर्ब रुपैयाँ रकम विनियोजन गरेको थियो। भवन निर्माणसम्बन्धी मुद्दा पाँच वर्षदेखि लम्बिँदा अस्पताल स्तरोन्नतिको योजना सुस्त छ।*

*सघन शहरी तथा भवन निर्माण आयोजना वीरगंज र निर्माण कम्पनी भ्याली कन्स्ट्रक्सन–नेसनल डेभलपमेन्ट इन्जिनियरिङ संयुक्त उपक्रमबीचको विवादले भवन निर्माणको काम प्रभावित हुँदै आइरहेको छ। मेसु दासले बोलपत्रमा सहभागी भएको कम्पनीको आवश्यक कागजात नभएकाले आयोजना र कम्पनीबीचको विवाद चर्किएर सर्वोच्च अदालतसम्म मुद्दा पुगेको जानकारी दिए। बोलपत्रमा सहभागी कम्पनीहरूको आवश्यक पर्ने कागजपत्र पूर्णता परीक्षण गर्दा उपक्रममा सहभागी भएको एउटा कम्पनीको राजस्व दाखिला गरेको कागज नभेट्टिएपछि शहरी विकास तथा भवन निर्माण विभाग र निर्माण कम्पनीबीच विवाद भएको हो।*

*विवादको अहिलेसम्म न्यायिक निरुपण हुन नसक्दा अस्पतालको भवन निर्माण प्रभावित हुँदै आइरहेको छ। वीरगंज महानगरका पूर्वनगरप्रमुख विजय सरावगीले नारायणी अस्पताल स्थानीय जनताको आवश्यकता भएकाले पनि यथाशीघ्र भवन निर्माण प्रक्रिया अघि बढाउन जरुरी रहेको बताउँछन्।*

*अस्पतालको पुरानो संरचना जीर्ण भएकाले नयाँ पूर्वाधार निर्माण गर्नु जरुरी छ। सरकारले अघि सारेको पाँच सय शय्याको भवनसम्बन्धी विवाद लामो समयसम्म चलिरहँदा निर्माण प्रभावित भएको छ।*

*त्यसैले अदालतले मुद्दाको टुङ्गो लगाउन जरुरी छ । सर्वोच्च अदालतले जनताको स्वास्थ्यसँग जोडिएको मुद्दा भएकाले पनि अग्राधिकारमा राखेर फैसला गरिदिनु पर्ने स्थानीयको माग छ । पाँच सय शय्याको भवन निर्माण समितिका संयोजक एवं पूर्वसांसद राजेश्वर साह तेलीले भवन निर्माणसम्बन्धी मुद्दा लामो समयसम्म लम्बिँदा यहाँका जनता स्वास्थ्य सेवाबाट बञ्जित हुँदै आइरहेका भन्दै यथाशीघ्र मुद्दाको टुङ्गो लगाउन दबाब सिर्जना गर्ने उद्देश्यले र्‍याली गर्नुपरेको बताए । माघ २८ गते अदालतमा पेशी भएकाले वीरगंजका पक्षमा फैसला होस् भनेर पनि दबाबपूर्ण कार्यक्रम भइरहेका छन्।*

# भीमा एकादशी व्रत

**रासस**

माघ शुक्ल एकादशी अर्थात् भीमा एकादशी पर्व भगवान् विष्णुको पूजा आराधना एवं व्रत गरी मनाइँयो। भीमा अथवा जयासमेत भनिने आजको एकादशी व्रत लिनाले कार्यक्षमतामा अभिवृद्धि, मानसिक सामथ्र्य र शक्ति वृद्धि,आयुवृद्धि र आत्मिक उन्नतिमा शीघ्रता हुने विश्वास छ । एकादशी व्रत लिनाले हुने फाइदाका बारेमा पद्मपुराणमा उल्लेख गरिएको छ–

स्वर्गमोक्षप्रदा ह्येषा शरीरारोग्यदायिनी।
कलत्रसुतदा ह्येषा धनमित्रप्रदायिनी॥
न गङ्गा न गया राजन् न च काशी च पुष्करम्।
न चापि कौरवं क्षेत्रं पुण्यं भूपहरेर्दिनात्॥

अर्थात् एकादशी स्वर्ग, मोक्ष, आरोग्य, सुभार्या एवं सुपुत्र प्रदान गर्ने उत्तम व्रत हो। हे राजन् गङ्गा, गया, काशी, पुष्कर र कुरुक्षेत्र यी पुण्यक्षेत्रमध्ये कुनै एउटा क्षेत्रको तुलना हरि दिवस अर्थात् एकादशीका साथमा हुन सक्दैन।

यस श्लोकमा उल्लेख गरिएका गङ्गा नदी र अन्य तीर्थक्षेत्र हरेक दिनको प्रातःकालमा स्मरण गर्ने गरिन्छ। अर्थात् यी नदी र तीर्थको नाम लिनासाथ तीर्थस्नानको फल प्राप्ति हुन्छ । यस्ता पवित्रतम स्थानमध्ये एउटा स्थानको तुलना पनि एकादशीसँग नहुने बताइएको छ।

एकादशीका विषयमा कूर्मपुराणमा भनिएको छ,–

व्रतोपवासैर्नियमैः होमैः, ब्राह्मणतर्पणैः
तेषां वै रूद्रसायुज्यं, जायते तत्प्रसादतः।

अर्थात् व्रतोपवासले शिवसायुज्यको प्राप्ति हुन्छ।

श्रीमद्भगद्गीतामा निष्काम कर्मका प्रवक्ता जगद्गुरू भगवान श्रीकृष्णको देशना छ–

यज्ञदानतपः कर्म न त्याज्यं कार्यमेव तत्।

अर्थात यज्ञ, दान र तप रूप कर्मको कहिल्यै पनि परित्याग गर्नुहुन्न। शास्त्रमा तप अन्तर्गत व्रतको विधान बताइएको छ र व्रतमध्ये श्रेष्ठतम व्रत एकादशीलाई मानिएको छ।



एकादशी व्रतको प्रारम्भ कसरी भयोरुभगवती एकादशी को हुन, यस सम्बन्धमा पद्म पुराणमा के कथा छ भने एकपटक पुण्यश्लोक धर्मराज युधिष्ठिरलाई लीला पुरुषोत्तम भगवान् श्रीकृष्णले समस्त दुःख, त्रिविध ताप आदिबाट मुक्ति दिलाउन, हजारौँ यज्ञको अनुष्ठानको तुलना गर्न सक्ने, चारै पुरुषार्थलाई सहजै प्रदान गर्ने एकादशी व्रत लिनका निम्ति निर्देशन दिएका थिए।

एकादशीको लागि दशमीको दिन हात, गोडाको नङ सफा गरेर स्नान गरी हविस्य भोजन खाएर एकादशीको दिन ब्रह्म मुहूर्तमा उठेर जया नाम्नीती विख्याता सर्व पापहरा परा जसले जया एकादशीको पवित्र नाम जप्दछ भने उसका श्राप हटेर जाने गर्दछ । त्यसैले आफ्नो नित्य कर्म सकी स्नान गरेर प्राणायाम, पवित्र कुशको औँठी धारण, तिलक धारण, जपसकी लक्ष्मीनारायण ,माधवनारायण भगवान्को सेवा, पूजा गरी दिनभर कथा श्रवण, सत्सँग गर्दै उपवास बसेर बेलुका सन्ध्या जप सकेर भगवान्को बिग्रहमा रातभर दिपमालिका, भजन, कीर्तन जाग्राम बसी त्यसको भोलिपल्ट गोदान, पूर्णपात्र सकी ब्राह्मणको दम्पतिलाई इच्छा भोजन गराउनु पर्दछ । जसले यसरि गर्दछ भने उसलाई पवित्रा पापहन्त्री च पिशाचत्वविनाशिनी,नैव तस्या व्रते चिर्णे प्रेतत्वं जायते नृणाम् । अर्थात् जयाको व्रत गर्नेलाई पिशाच हुनुपर्ने भएपनि त्यस पिशाचत्वबाट छुटाउने छ अर्थात् त्यसको व्रतगर्ने मानिस प्रेत हुँदैन। जया एकादशीका विषयमा जुन कथा प्रचलित छ, त्यसबमोजिम धर्मराज युधिष्ठिरले भगवान् श्रीकृष्णसित निवेदन गर्छन्।

माघ शुक्ल एकादशीका दिन कसको पूजा गर्नुपर्छ रु र यस एकादशीको के महत्व छ रु श्री कृष्ण आज्ञा गर्छन्। माघ शुक्ल पक्षको एकादशीलाई जया अथवा भीमा एकादशी भन्दछन्। यो एकादशी अति नै पुण्यदायी छ, यस एकादशीको व्रत गर्नाले व्यक्ति नीच योनि जस्तै भूत, प्रेत, पिशाचको योनिबाट मुक्त हुनपुग्छ भनी विभिन्न शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको पण्डित बालमुकुन्द देवकोटाले बताए।

# सडक योजनालाई पूर्णता दिन बजेट

**रासस**

पर्वतमा निर्माणाधिन पाँच वटा सडक योजनालाई पूर्णता दिनका लागि थप बजेट विनियोजन गरिएको छ।

स्तरोन्नतिसहित कालोपत्रको काम भइरहेका सडक पूर्णरूपमा सम्पन्न गर्नका लागि बजेट अपुग भएपछि अर्थ मन्त्रालयमार्फत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट बजेट थप गरिएको हो । चार वटा योजनामा तीन करोड रुपैयाँका दरले र एक योजनामा चार करोड रुपैयाँ गरी १६ करोड रुपैयाँ बजेट थप भएको पूर्वाधार विकास कार्यालय पर्वतले जनाएको छ।

बजेट थप भएका योजनामा दोविल्ला–पकुवा–गँगटे–डाँडाखर्क सडक, लेखफाँट–शालिजा सडक, देउपुर–पूर्णगाउँ–घुरूङ्गा सडक, लिमठाना–अर्चले–भँगरा सडक र वालिङ–हुवास–सेतीवेणी सडक रहेका छन्।

संघीय सरकारमार्फत निर्माणाधिन उक्त सडकलाई पूर्णता दिनका लागि बजेट माग गरिएकोमा हालै मन्त्रालयबाट स्वीकृत भएको प्रतिनिधिसभा सदस्य पदम गिरीले जानकारी दिए। उनका अनुसार जिल्लाको कुश्मा नगरपालिकामा पर्ने दोविल्ला–पकुवा–गँगटे–डाँडाखर्क सडकका लागि तीन करोड रुपैयाँ विनियोजन भएको छ । यो सडकमा यसअघि एक करोड ६२ लाख रुपैयाँको बजेट विनियोजन भएर निर्माणाधीन अवस्थामा रहेको थियो।

यसैगरी, जिल्लाको जलजला गाउँपालिकाअन्तर्गत रहेका रणनीतिक सडकमा समावेश लेखफाँट–शालिजा सडकका लागि पनि तीन करोड रुपैयाँ बजेट थप भएको छ। उक्त आयोजनामा यसअघि चालु आर्थिक वर्षमै दुई करोड ९५ लाख रुपैयाँ विनियोजन भई निर्माणाधिन अवस्थामा रहेको थियो भने मोदी गाउँपालिकामा पर्ने देउपुर–पुर्णगाउँ–घुरूङ्गा सडकका लागि पनि तीन करोड रुपैयाँ विनियोजन भएको छ । यो योजनामा चालु आर्थिक वर्षको बजेटमा एक करोड ६२ लाख रुपैयाँ विनियोजन भएको थियो।

फलेवास नगरपालिकामा रहेको लिमठाना–अर्चले–भँगरा सडकका लागि पनि तीन करोड रुपैयाँ बजेट थप भएको छ। कालोपत्रको काम भइरहेको यो सडकमा यसअघि एक करोड ६२ लाखरुपैयाँ विनियोजन भएको थियो। निर्माणाधीन यो सडकले फलेवास नगरपालिकाका तीन वटा वडालाई राष्ट्रिय राजमार्गसँग जोड्ने भएको छ।

यसैगरी स्याङ्जा र पर्वत जोड्ने वालिङ–हुवास–सेतीवेणी सडकका लागि चार करोड रुपैयाँ बजेट थप भएको सांसद गिरीले जानकारी दिए। उहाँका अनुसार उक्त सडकको अधिकांश भाग कालोपत्र भइसकेको छ भने उरामदेखि सेतीवेणीसम्मको खण्डका लागि बजेट थप भएको हो । यो सडकमा यसअघि एक करोड रुपैयाँ विनियोजन भएको थियो।

पर्वतका सातवटै पालिकासम्म कालोपत्र सडकको पहुँच विस्तार भएको छ । वडा कार्यालयसम्म कालोपत्र सडकको पहुँच पुर्‍याउने योजनाअन्तर्गत निर्माणाधीन रहेका सडकलाई पूर्णता दिनका लागि निरन्तर बजेट व्यवस्थापनमा लागेको सांसद गिरीले बताए। अहिले थप भएको बजेट चालु आवभित्रै काम सुरू गर्ने गरी व्यवस्थापन भएको उनले बताए।

सांसद गिरीले भने,‘चालु आवभित्रमै योजना सम्पन्न गर्ने गरी बजेट विनियोजन भएको छ। कच्ची, जीर्ण र साँघुरो सडकका कारण ग्रामीण क्षेत्रका बासिन्दालाई कृषिउपजको बजारीकरण र आवतजावतमा वर्षौंदेखि समस्या भोग्दै आएकाले सडक स्तरोन्नतिका लागि थप बजेट विनियोजन भएको छ।’

पूर्वाधार विकास कार्यालय पर्वतका प्रमुख सन्तोष अर्यालले थप भएको बजेटलाई पनि चालु आवभित्रै कार्यान्वयनमा लगिने बताए । डिजाइन, स्टिमेट भइसकेकाले नियमित काम हुने उनको भनाइ छ।

# बाँझो जग्गामा सामूहिक आलुखेती

**रासस**

खोटाङको दिप्रुङ चुइचुम्मा गाउँपालिका–६ छितापोखरीका ३३ घर किसानले बाँझो जग्गामा सामूहिक आलुखेती सुरु गरेका छन् । स्थानीय मिलीजुली कृषक समूहले आहालटारको ६० रोपनी बाँझो जग्गामा सामूहिक आलुखेती सुरु गरेका हुन्।

‘१५ हजारमा रुपैयाँ जग्गा भाडामा लिइएको छ’, मिलीजुली कृषक समूहका अध्यक्ष गजेन्द्र राईले भने, ‘सामूहिक आलुखेती गर्न सङ्घीय सरकारले १५ लाख रुपैयाँ बजेट उपलब्ध गराएको छ। यो वर्ष कम्तीमा एक सय मुरी आलुको बीउ रोप्ने योजना बनाएका छौँ।’ हालसम्म ८० मुरी आलुको बीउ रोपिसकिएको उनले जानकारी दिए।

एक सिजनमा सरदर ५० हजार किलो आलु फलाउने लक्ष्य लिइएको सो वडाका वडाध्यक्ष मिलन राईले बताए। प्रतिमुरी चार हजार रुपैयाँका दरले खरिद गरिएको भोटाङ्गे, नाम्जुङ्गे र धराने जातको आलु रोपिएको हो।

आलुखेतीमा प्रति ट्याक्टर छ हजार रुपैयाँका दरले खरिद गरिएको गाईभैँसीको मल प्रयोग गरिएको छ।

गाउँपालिकालाई आलु उत्पादनमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ आलु खेती सुरु गरिएको गाउँपालिका प्रमुख लोकेन्द्र राईले जानकारी दिए । ‘पहिलो चरणमा सङ्घीय सरकारबाट प्राप्त बजेटबाट सामूहिक खेती सुरु गरिएको छ। आगामी दिनमा गाउँपालिकाले बजेट विनियोजन गरेर सामूहिक आलुखेतीलाई निरन्तरता दिने योजना छ’, उनले भने, ‘यहाँ उत्पादित आलु भण्डारणका लागि यसै वर्ष भवन निर्माण गर्ने योजना छ । उत्पादित आलु भण्डारण गरेर बिक्री वितरण गर्न गाउँपालिकाले सहयोग गर्छ।’

# क्षेत्र निर्धारण गरेर फोहर व्यवस्थापन

**रासस**

काठमाडौं महानगरपालिकाको फोहर वर्गीकरण गरी व्यवस्थापन गर्नका लागि छ वटा क्षेत्र निर्धारण गरेको छ । फोहर व्यवस्थापन थप सहज र प्रभावकारी बनाउनका लागि नयाँ व्यवस्था गर्न लागिएको कामपा वातावरण व्यवस्थापन विभागले जानकारी दिएको छ।

वातावरण विभागको प्रमुख सरिता राईका अनुसार छ वटै क्षेत्रमा एक एक वटा ट्रान्फरस्टेसन तयार गरी उक्त स्थानबाट फोहरको अन्तिम व्यवस्थापनको लागि ‘ल्यान्डफिल्ड साइट’ बञ्चरेडाँडा लगिनेछ। त्यसका लागि कामपाले ३२ वटा वडालाई भौगोलिक र जनसङ्ख्याको आधारमा क्षेत्र निर्धारण गरेको हो।

स्रोतमा नै वर्गीकरण गरिएको फोहर मात्रै व्यवस्थापन गरिने राईको भनाइ छ । काठमाडौं उपत्यकाको १८ स्थानीय तहमा उत्पादित फोहर ‘ल्यान्डफिल्ड साइट’ बञ्चरेडाँडा लैजाँदा उक्त स्थानमा प्रदूषण बढ्नुको साथै फोहरमैला सङ्कलन ढुवानीमा खर्च बढ्ने भएकाले वर्गीकृत फोहर क्षेत्र निर्धारण गरेर व्यवस्थापन गर्न लागिएको हो।

यसका लागि कामपाले उत्पादकलाई फोहर व्यवस्थापनको जिम्मा लगाउने गरेको छ। प्रमुख राईका अनुसार फोहरमैला व्यवस्थापन ऐन २०६८ तथा काठमाडौँ महानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ अनुसार फोहर स्रोतमै वर्गीकरण गर्नुपर्ने कानुनी व्यवस्था छ।

हाल वडा नं ५, १०, २४, २५, २६ र २७ मा स्रोतमै फोहर वर्गीकरण भइरहेको छ । अब छिट्टै अन्य वडामा पनि फोहर वर्गीकरण गरेर मात्रै व्यवस्थापन गर्ने तयारी कामपाको छ । स्रोतमा उत्पादित फोहरमध्ये २० प्रतिशत बञ्चरेडाँडामा लैजाने र बाँकी सेवा प्रदायकमार्फत व्यवस्थापन गरिनेछ । यसअघि भित्री नौ वडाबाहेक अन्यको फोहर निजी सङ्घसंस्थाले व्यवस्थापन गर्दै आएको थियो।

हाल काठमाडौँ उपत्यकाको १८ स्थानीय तहबाट दैनिक एक हजार छ सय मेट्रिक टन फोहर निस्कने गर्छ।

साविकको सिसडोलमा व्यवस्थापन हुँदै आएको फोहर उक्त स्थान भरिएपछि विगत साढे दुई वर्षदेखि बञ्चरेडाँडामा व्यवस्थापन गरिँदै आएको छ।

**कसरी गर्ने फोहर वर्गीकरण ?**

भान्छामा कुहिने र नकुहिने गरी दुई किसिमको फोहर जम्मा भएको हुन्छ। कुहिनेलाई छुट्टै र नकुहिनेलाई छुट्टै भाँडामा राख्नु वर्गीकरण हो । नकुहिने फोहर उत्पादक आफैंले बेच्न सक्छन्। कुहिने फोहर उत्पादकले नै मल बनाउन सकिन्छ । मल बनाउन सकिएन भने कामपाबाट फोहर सङ्कलन गर्न आएको सवारी साधनमा राखेर पठाउन सकिन्छ ।तरकारी (साग सब्जी), बढी भएको खानेकुरा, माछा मासु, हड्डी, अण्डा, चियाको छोक्रा, फलफूलका बोक्रा, खानेकुरा केलाउँदा आएको वस्तु, रूखका पात कुहिने फोहर हुन्। यस्तै प्लाष्टिक, सिसा, कागज, कपडा, जुत्ता, सामान प्याक भएर आएका सामान, काठ, रबर, सिमेन्टको ब्याग, बोतल, फलाम आदि नकुहिने फोहर हुन्।

# ‘एचपीभी’ले गर्दैन असर

कास्कीको अन्नपूर्ण गाउँपालिका–२ स्थित माछापुच्छ्रे माविमा कक्षा ८ मा अध्ययनरत छात्रा सजिना विकलाई (पाठेघरको मुखको क्यान्सर विरुद्धको (एचपीभी खोप) लगाउँदा कुनै समस्या हुने हो कि भन्ने डर मनभित्र थियो तर खोप लगाएपछि त्यो डरपूर्ण रूपमा हट्यो।

छात्रा विकले अन्य साथीलाई पनि ढुक्कसँग खोप लगाउन सल्लाह दिँदै हिडिन्।

माछापुच्छ्रे माविमा सजिनासँगै अध्ययनरत अन्य छात्रा खोप लगाउन अगाडि डराइरहेका थिए । त्यसो त उक्त विद्यालयका छात्रालाई खोप लगाउन खटिएकी स्वास्थ्यकर्मी एकमाया आचार्यले छात्रालाई सम्झाइ राखेकी थिइन्, ‘खोप लगाउँदा कमिलाले टोके जति नै दुख्दैन, ढुक्कसँग लगाउनुहोस् यसले कुनै असर पनि गर्दैन।’

यो खोपले महिलामा हुने पाठेघरको मुखको क्यान्सर ९८ प्रतिशतले रोक्ने स्वास्थ्यकर्मी आचार्यले छात्रालाई भन्दै थिइन्। यो खोप १० देखि १४ वर्ष उमेर समूहका छात्रालाई देशैभरी लगाउनेकार्य भइरहेको छ।

माछापुच्छ्रे माविकै कक्षा ८ मा अध्ययनरत छात्रा इन्द्रा न्यौपानेलाई पनि सजिनाजस्तै खोप लगाउनु अगाडि डर थियो तर लगाएपछि डर हट्यो, खोपको अनुगमन गर्न त्यहाँ पुगेका गण्डकी प्रदेश सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले छात्रालाई भन्दै थिए, ‘खोप ढुक्क भएर लगाउनु यसले कुनै असर गर्दैन, खोप गुणस्तरीय पनि छ।’

नेपालमा धेरै महिला पठेघरको मुखको क्यान्सरबाट मृत्यु हुने गरेको तथ्याङ्कले देखाएको छ, विकसित राष्ट्रमा १० औं वर्षदेखि यो खोप नियमित लगाउने गरेका छन् । नेपालमा पनि यस वर्षदेखि शुरु भएको छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# राष्ट्रिय कृत्रिम बौद्धिकता नीतिको मस्यौदा तयार



**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले देशमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स–एआई) को व्यवस्थित विकास र प्रयोगलाई प्रोत्साहन गर्ने उद्देश्यसहित 'राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति, २०८१' को मस्यौदा तयार पारेको छ ।

कृत्रिम बौद्धिकताका माध्यमबाट देशको सामाजिक, आर्थिक र प्रशासनिक क्षेत्रमा रूपान्तरणकारी परिवर्तन ल्याउने लक्ष्य रहेको नीतिको मस्यौदाउपर मन्त्रालयले सुझाव माग गरेको छ ।

'नेपालमा एआई प्रविधिको प्रयोग बढाउन, अनुसन्धान र विकासलाई प्रोत्साहन गर्न, सुशासन र सार्वजनिक सेवा सुधार गर्न, नयाँ व्यापारिक अवसर सिर्जना गर्न, नवप्रवर्तनलाई प्रवद्र्धन गर्न र एआई प्रविधिको नियमनमार्फत जोखिम न्यूनीकरण गर्न यस नीतिको आवश्यकता रहेको छ,' नीतिको मस्यौदामा भनिएको छ, 'यस नीतिले डेटाको सहज पहुँच, डेटा इकोसिस्टमको निर्माण, एआई साक्षरता र दक्षता अभिवृद्धि गर्दै शिक्षा, स्वास्थ्य, यातायात, पर्यटन, कृषि, वित्त, प्राकृतिक प्रकोप व्यवस्थापन, कला, मनोरञ्जनलगायत क्षेत्रमा एआईको प्रयोगमार्फत आर्थिक र सामाजिक रूपान्तरण गर्ने सम्भावना देखिएको छ ।'

मस्यौदाको मुख्य लक्ष्य 'नवप्रवर्तन र उद्यमशीलताको प्रवद्र्धन, विद्यमान संरचनाको सबलीकरण एवं क्षेत्रगत समन्वयमार्फत कूल गार्हस्थ्य उत्पादनमा एआई क्षेत्रको योगदान बढाउनु' रहेको मस्यौदामा उल्लेख छ ।

कृत्रिम बौद्धिकता नीतिको मस्यौदामा सुरक्षित एवं दिगो एआई इकोसिस्टमको निर्माण गर्नु, यस क्षेत्रमा जनशक्ति विकास, अध्ययन, अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलताको विकास गर्नु, सार्वजनिक सेवाको गुणस्तरमा सुधार गर्नुलगायत उद्देश्य समावेश छन् ।

मस्यौदामा एआई प्रविधिको सुरक्षित प्रयोगका लागि नियमन र अनुगमन गर्ने व्यवस्था गरिएको छ । सुरक्षित एआई इकोसिस्टम निर्माण, डिजिटल पूर्वाधार विकास, डाटा व्यवस्थापन, अनुसन्धान र नवप्रवर्तनलाई प्रोत्साहन, जनशक्ति विकास, क्षेत्रगत विकास र सार्वजनिक सेवा सुधारलगायत विषय समेटिएका छन् । नीतिको कार्यान्वयनका लागि एआई नियमन परिषद्, राष्ट्रिय एआई केन्द्र र एआई एक्सिलेन्स सेन्टर जस्ता संरचनाको परिकल्पना गरिएको छ । परिषद्ले एआईको विकास र प्रयोगका लागि नैतिक दिशानिर्देश तय गर्नेछ भने राष्ट्रिय एआई केन्द्रले प्रविधिको विकास र प्रयोगलाई समन्वय गर्ने प्रस्ताव गरिएको छ ।विश्वव्यापी प्रयोग र प्रभावसँगै देशमा दिनानुदिन कृत्रिम बौद्धिकताको क्षेत्र व्यापक बन्दै गएको छ । यस प्रविधिले शिक्षा, स्वास्थ्य, यातायात, पर्यटन, कृषि, वित्तीय सेवा, प्राकृतिक प्रकोप व्यवस्थापन, मनोरञ्जनलगायत क्षेत्रमा प्रभाव पार्दै आएको छ ।विश्वभरि नै एआई प्रविधिको प्रभावकारी उपयोगले आर्थिक र सामाजिक रूपान्तरण सम्भव भएको सन्दर्भमा मुलुकले यस क्षेत्रमा उपयुक्त नीति निर्माण गर्न आवश्यक देखिएको मन्त्रालयले जनाएको छ ।रासस

# दबाबमा नपरी काम गर्न प्रहरीलाई प्रधानमन्त्रीको निर्देशन



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले कुनै पनि प्रकारको दबाबमा नपरी प्रमाण र तथ्यमा आधारित भएर न्यायसंगत अनुसन्धान गर्न नेपाल प्रहरीलाई निर्देशन दिएका छन् ।

भृकुटीमण्डपस्थित नेपाल पुलिस क्लब परिसरमा निर्मित 'द ब्लु पेभिलियन'को उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले देशमा विधिको शासन तथा शान्ति सुरक्षा कायम गर्ने काममा दृढताका साथ अघि बढ्न निर्देशन दिएका हुन् ।

'तपाईंहरु जनताको अपेक्षाअनुसार चल्नुपर्छ । जनताले प्रहरीबाट निष्पक्ष र असल व्यवहारको अपेक्षा गरेका छन् । त्यसैले तपाईंहरु संविधान र कानुनबमोजिम देश र जनताको हितलाई केन्द्रमा राखेर काम गर्नुस्', उनले भने, 'कुनै तस्कर, भ्रष्ट र ठगहरुमाथि निर्धक्क भएर अनुसन्धान गर्नुस् । मुलुकमा शान्ति सुव्यवस्था कायमका साथै राष्ट्रिय हित र एकतालाई ध्यान दिएर अझ प्रभावकारी रुपमा काम गर्नुस् ।'

प्रधानमन्त्री ओलीले नेपाल प्रहरीलाई सबै प्रहरीको घरका रुपमा स्थापित गर्नुपर्नेमा जोड दिए । २०७७ जेठ ११ गते शिलान्यास भएको उक्त प्याभिलियन ७५ करोड ८७ लाख रुपैयाँमा निर्माण भएको हो । कार्यक्रममा प्रधानमन्त्री ओलीले नेपाल प्रहरीको इतिहास भाग–२ को विमोचन गरे भने भवन निर्माणमा योगदान दिने अधिकारी, प्राविधिक र निर्माणकर्तालाई सम्मान प्रदान गरे ।

# उपाध्यक्ष श्रेष्ठद्वारा अध्यादेशको आलोचना

**पाल्पा ।**
नेपाल कम्युनिष्ट (माओवादी केन्द्र)का वरिष्ठ उपाध्यक्ष एवं पूर्वगृहमन्त्री नारायणकाजी श्रेष्ठले सरकारले हालै जारी गरेका अध्यादेश लोकतन्त्रको भावना विपरीत रहेको भन्दै त्यसको आलोचना गरेका छन् ।



प्रेस सेन्टर नेपालले तानसेनमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले अलोकतान्त्रिक तरिकाबाट अध्यायदेश जारी गरेको आरोप लगाउँदै आफ्नो दल तयसको विरुद्धमा सदनमा उभिने बताए । राजनीतिक अधिकार प्राप्त भए पनि जनताले अझै पनि आर्थिक, समाजिक अधिकार प्राप्त गर्न नसकेको उनको कथन छ ।

श्रेष्ठले विधिको शासन उल्लङ्घन हुन नदिनेतर्फ पनि माओवादी केन्द्र सचेत रहेको बताउँदै सदन र सडकबाट सशक्त ढङ्गले सरकारको खबरदारी गर्दै आएको बताए ।रासस

# वरिष्ठ पत्रकार दाहाल सम्मानित

**काठमाडौँ ।**
ओखलढुङ्गा पत्रकार समाजले वरिष्ठ पत्रकार होमनाथ दाहाललाई सम्मान गरेको छ । पत्रकार दाहालको मैतीदेवीस्थित निवासमा आयोजित कार्यक्रममा समाजका तर्फबाट वरिष्ठ पत्रकारद्वय ध्रुवहरि अधिकारी र राजेन्द्र दाहालले दोसल्ला ओढाएर सम्मान गरेका हुन् ।

ओखलढुङ्गाको मोलुङ गाउँपालिका–२, रामपुरमा जन्मिएका ८३ वर्षीय दाहाल राष्ट्रपुकार साप्ताहिकका सम्पादक तथा प्रकाशकका साथै नेपाल पत्रकार महासङ्घका पूर्वकेन्द्रीय अध्यक्ष हुन् । वि.सं २०५६ मा ओखलढुङ्गा क्षेत्र नं १ बाट सांसद पदमा निर्वाचित भएका उनी पछि कृषि तथा सहकारीमन्त्री भएका थिए । गोरखापत्र संस्थानका पूर्वअध्यक्ष तथा महाप्रबन्धक पत्रकार दाहालले नेपाली पत्रकारितामा विशिष्ट योगदान पुर्याउनुभएको वरिष्ठ पत्रकार ध्रुवहरि अधिकारीले बताए । वरिष्ठ पत्रकार राजेन्द्र दाहालले पञ्चायतकालीन अवस्थामा प्रजातन्त्रका पक्षमा निडरताका साथ पत्रकारिता गरेर उनले पुर्याएको योगदानको चर्चा गरे । 'जतिखेर पञ्चायतविरुद्ध पत्रकारले लेख्नै डराउँथे, त्यतिखेर पनि उहाँले निरन्तर प्रजातन्त्रका पक्षमा लेख्न छाड्नुभएन", दाहालले भने, 'उहाँले पत्रकारिताका माध्यमबाट प्रजातान्त्रिक धारको सधैँ नेतृत्व गरिरहनुभयो ।' सम्मानित पत्रकार दाहालले आफूलाई सम्झिएर सम्मान गरेकामा संस्थाप्रति आभार प्रकट गरे । उनले विभिन्न समयमा तीन वर्षभन्दा बढी जेल जीवन बिताएका छन् । ओखलढुङ्गा पत्रकार समाजका तर्फबाट पत्रकारहरु जीवनाथ धमला, जीवराम भण्डारी, बालकुमार नेपाल, नारदमुनि गौतम, तुलसीहरि कोइरालालगायतको उपस्थिति रहेको थियो ।

समाजका अध्यक्ष चेतनाथ धमलाले ओखलढुङ्गामा जन्मिएर पत्रकारिता क्षेत्रमा रहेका सम्पूर्ण पत्रकारहरुलाई सङ्गठित गर्ने उद्देश्यले संस्था स्थापना गरिएको जानकारी दिए ।रासस

# 'सरकार सशस्त्र र नेपाल प्रहरीलाई समयानुकूल बनाउने प्रयासमा छ'

**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई समयानुकूल बनाउन सरकार क्रियाशील रहेको बताएका छन् ।



शनिबार काठमाडौँमा आयोजित एक कार्यक्रममा उनले स्रोत र साधनको अधिकतम उपयोग गरी दुवै सुरक्षा निकायलाई प्रतिस्पर्धी बनाउन सरकार क्रियाशील रहेको बताएका हुन् ।

दुवै निकायका निम्ति आवश्यक कानुन तयार गर्न गृह मन्त्रालयले नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल सम्बन्धी ऐन संशोधनका लागि विधेयक संसद्मा दर्ता गराएको उनले बताए ।

'नागरिकतासम्बन्धी विधेयक संसद्मा दर्ता भएको छ । अब चाँडै अध्यागमनसम्बन्धी ऐन संशोधनको प्रस्ताव पनि संसद्मा लैजाने तयारी छ । निर्वाचनसम्बन्धी ऐन अगाडि बढाएका छौँ। जग्गा प्राप्तिसम्बन्धी कानुन संशोधनको काम अगाडि बढेको छ,' उनले भने, 'यस्तै सङ्घसंस्थासम्बन्धी नयाँ कानुन बनाउने काम अगाडि बढेको छ। तीन वटा कानुन संशोधनका लागि संसद् पुगेका छन् । बाँकी विधेयक यसै चालु अधिवेशनमा पु¥याउँछौँ ।'

नेपाल प्रहरी ऐनसम्बन्धी विधेयकमा सेवा प्रवेश र सेवा निवृत्तको कुरा सुनिश्चित गरेको गृहमन्त्रीले बताए । साथै उनले प्रहरीबाट आवश्यक सुझाव आए प्रहरीसम्बन्धी विधेयकलाई संशोधन गरेर जाने स्थान पनि रहेको बताए ।

विधेयकका कमीकमजोरी संसद्मा सच्च्याउन सकिने भन्दै उनले चित्तनबुझेका विषयमा सकारात्मक दृष्टिकोणबाट बहस हुनुपर्नेमा जोड दिए ।

# विकास–निर्माणका कामलाई प्राथमिकता दिन आग्रह

**गुल्मी ।**
सांसद एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य चन्द्रकान्त भण्डारीले विकास–निर्माणका कामलाई प्राथमिकतामा राख्न स्थानीय तहका निकायहरूलाई अनुरोध गरेका छन् ।

शनिबार विकास– निर्माणसँग सम्बन्धित कार्यालयका प्रमुखहरूसँगको छलफलमा उनले सडक, पुलपुलेसालगायत संरचना बनाउँदा नागरिकलाई मर्का नपर्नेगरी काम गर्नुपर्नेमा जोड दिए । उनले सामाजिक विकासका परियोजनालाई कुनै पनि बहानामा ढिलासुस्ती गर्न हुँदैन भनेका छन् ।

मदन भण्डारी राजमार्ग योजना कार्यालय गुल्मीका इञ्जिनियर सुरेन्द्र गौतमले रिडी–तम्घास र रिडी–बल्कोट सडक आयोजना आयोजनाको हालसम्मको वित्तीय एवं भौतिक प्रगतिको बारेमा जानकारी गराएका थिए ।

सांसद भण्डारीले रिडी–तम्घास र रिडी बल्कोट सडक आयोजनामा संलग्न निर्माण कम्पनीका प्रतिनिधि तथा स्थानीयसँग पनि छलफल गरेका थिए ।

त्यस अवसरमा उहाँले दुवै सडकका निम्ति बजेटको अभाव नहुने तथा काम रोक्नुपर्ने अवस्था उत्पन्न हुन नदिन आफूले सम्बन्धित निकायसँग निरन्तर सम्पर्क एवं समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । रासस

# 'जलविद्युतको सेयरमार्फत विपन्न समुदायको जीवनस्तर उकास्नुपर्छ'

**काठमाडौं ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले जलविद्युत्को सेयरमार्फत गरिब तथा विपन्न नागरिकको जीवनस्तर उकास्न आवश्यक पर्ने शेयर लगानीका विषयमा सरोकारवाला निकायसँग छलफल गरेका छन् ।

उनले जनताको जलविद्युत् कार्यक्रमको दोस्रो संशोधनमार्फत विना धितो गरिब तथा विपन्न वर्गलाई दुई लाख रुपैयाँदेखि पाँच लाखसम्म शेयर दिनेबारे अर्थ मन्त्रालय, बैंङ्किङ क्षेत्र र ऊर्जा उत्पादकसँग छलफल गरेका हुन् ।

छलफलमा ऊर्जामन्त्री खड्काले दिनभर काम गरेर बिहान बेलुका छाक टार्न समस्या भएका नागरिकलाई लक्षित गरी सरकारले विना धितो सहुलियतपूर्ण ब्याजदरमा शेयर पाउने व्यवस्था गर्न लागेकाले यसलाई कार्यान्वयन गर्न सबैको साथ र सहयोग आवश्यक रहेको बताए ।

मन्त्री खड्काले भने,'गरिब तथा विपन्न वर्गलाई समृद्ध बनाउन नसकेसम्म हामीले कल्पना गरेजस्तो समृद्ध नेपाल निर्माण हुन सक्दैन, उक्त वर्गलाई समृद्ध बनाउन दायित्व तपाईँ हामी सबैको हो ।' प्राकृतिक स्रोतमाथिको अधिकार सबैको भएकाले तल्लो वर्गको लागि सबैले सोच्नुपर्ने उनको भनाइ थियो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरीता दवाडीले जनताको जलविद्युत् कार्यक्रमलाई कार्यान्वयन गर्न सबैको भूमिका रहेको बताए । उनले यस कार्यक्रमलाई कार्यान्वयन गर्न अवरोध नीति, नियमलाई मन्त्रालयले परिमार्जन गर्दै अगाडि बढ्ने उल्लेख गरे ।

मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रबल अधिकारीले जलस्रोतमार्फत मुलुकको समृद्धिसँगै समाजवादको विकास गर्न सरकार लागेको बताए । उनले सरकारले ऊर्जा विकास मार्गचित्रको लक्ष्य लिएकाले यसलाई पुरा गर्न सबैको साथ र सहयोग आवश्यक रहेको बताए ।

अर्थ मन्त्रालयका सहसचिव दीर्घराज मैनालीले जलविद्युत्को विकासमार्फत गरिब तथा विपन्न नागरिकको जीवनस्तर उकास्न ऊर्जा मन्त्रालयले लिएको लक्ष्य राम्रो भएको बताए । गरिबीको रेखामुनी रहेका जनतालाई विकासको बाटो लैजान यस्तो कार्यक्रमले सहयोग पुग्ने उनको भनाइ थियो ।

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इप्पान) नेपालका अध्यक्ष गणेश कार्कीले जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत जलविद्युत् क्षेत्रमा थुप्रै नागरिकले लगानी गर्ने वातावरण निर्माण भएको बताउँदै उक्त कार्यक्रमलाई कार्यान्वयन गर्न निजी क्षेत्र तयार रहेको बताए ।

राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) देवेन्द्ररमण खनाल, नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत (सिइओ) तिलकराज पाण्डेय, कृषि विकास बैंकका निमित्त सिइओ, प्रताप सुवेदी, नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालालगायतले गरिब तथा विपन्न वर्गलाई धनी बनाउनेगरी ल्याइएको उक्त कार्यक्रमलाई कार्यविधि बनाएर लागू गर्नुपर्ने बताएका थिए ।

सरकारले 'नेपालको पानी जनताको लगानी, हरेक नेपाली विद्युत्को सेयर धनी' भन्ने नाराका साथ जनताको जलविद्युत् कार्यक्रम सञ्चालनमा ल्याएको थियो ।

छलफल कार्यक्रममा मन्त्रालयका सहसचिव सन्दीप देवले जनताको जलविद्युत् कार्यक्रमको बारेमा जानकारी गराए ।रासस

# प्रदेशको बजेट खर्चः
# छ महिनामा १६ प्रतिशत

**काठमाडौँ ।**
चालु आर्थिक वर्षको छ महिनामा प्रदेशहरुको बजेट खर्च निराशाजनक देखिएको छ ।

सरकारले सार्वजनिक गरेको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनअनुसार हालसम्म प्रदेशको बजेट खर्च वार्षिक लक्ष्यको १६ दशमलव १८ प्रतिशत मात्रै छ । कूल दुई खर्ब ७८ अर्ब ६९ करोड २४ लाख रुपैयाँको बजेट ल्याएका प्रदेश सरकारले गत पुस मसान्तसम्ममा ४५ अर्ब नौ करोड ३८ लाख रुपैयाँ बराबर मात्रै खर्च गरेका हुन् ।

मधेश प्रदेशको बजेट खर्च सबैभन्दा कमजोर देखिएको छ । चालु आवका लागि कूल ४३ अर्ब ८९ करोड २२ लाख रुपैयाँको बजेट ल्याएको मधेस प्रदेशले पुस मसान्तसम्ममा दुई अर्ब ४६ करोड दुई लाख रुपैयाँ मात्रै खर्च गरेको छ । यो वार्षिक विनियोजनको पाँच दशमलव ६१ प्रतिशत हो । पुँजीगत शीर्षकमा २७ अर्ब ८९ करोड रुपैयाँ छुट्याएको मधेश प्रदेशले उक्त विनियोजनको एक प्रतिशत मात्रै खर्च गरेको छ ।सुदूरपश्चिम प्रदेशले अर्धवार्षिक समीक्षा अवधिसम्ममा वार्षिक विनियोजनको १४ दशमलव ८२ प्रतिशत मात्रै खर्च गरेको छ । कूल ३१ अर्ब ६२ करोड १९ लाख रुपैयाँको बजेट ल्याएको सुदूरपश्चिमले पुस मसान्तसम्ममा चार अर्ब ६८ करोड ७० लाख रुपैयाँ खर्च गरेको छ ।

त्यसैगरी कर्णाली प्रदेशले १५ दशमलव १४ प्रतिशत खर्च गरेको छ । चालु आवका लागि ३१ अर्ब ४१ करोड रुपैयाँको बजेट ल्याएको कर्णालीले पुस मसान्तसम्ममा चार अर्ब ७५ करोड ४७ लाख रुपैयाँ खर्च गरेको छ । लुम्बिनी प्रदेशले कूल ३८ अर्ब ९७ करोड रुपैयाँको वार्षिक बजेट ल्याएको थियो । लुम्बिनीले अर्धवार्षिक समीक्षा अवधिसम्ममा वार्षिक विनियोजनको १९ दशमलव ३६ प्रतिशत अर्थात् सात अर्ब ५३ करोड ६१ लाख रुपैयाँ बराबर खर्च गरेको छ ।

गत पुस मसान्तसम्ममा गण्डकी प्रदेशको बजेट खर्च वार्षिक विनियोजनको १९ दशमलव ३६ प्रतिशत छ । कूल ३२ अर्ब ९७ करोड ८६ लाख रुपैयाँको वार्षिक बजेट ल्याएको गण्डकी प्रदेशले पुस मसान्तसम्ममा छ अर्ब ३८ करोड ४७ लाख रुपैयाँ खर्च गरेको हो ।

प्रदेशगत रुपमा चालु आवका लागि बागमती प्रदेशले सबैभन्दा ठूलो आकारको बजेट ल्याएको थियो । कूल ६४ अर्ब ५४ करोड चार लाख रुपैयाँ बराबरको वार्षिक बजेट ल्याएको बागमती प्रदेशले अर्धवार्षिक समीक्षा अवधिसम्ममा वार्षिक विनियोजनको १६ दशमलव २७ प्रतिशत अर्थात् १० अर्ब ५० करोड २९ लाख रुपैयाँ बराबर मात्रै खर्च भएको छ ।

तुलनात्मक रुपमा कोशी प्रदेशको बजेट खर्च सबैभन्दा राम्रो देखिएको छ । पुस मसान्तसम्ममा कोशी प्रदेशले २४ दशमलव ८५ प्रतिशत बजेट खर्च गरेको छ । चालु आवका लागि कोशी प्रदेशले ३५ अर्ब २७ करोड ९३ लाख रुपैयाँको बजेट ल्याएकोमा आठ अर्ब ७६ करोड ८२ लाख रुपैयाँ बराबर खर्च गरेको छ ।

मधेश र लुम्बिनीबाहेक सबै प्रदेशले चालु आवका लागि वित्तीय व्यवस्था शीर्षकमा बजेट ल्याएका थिए । तर कुनै पनि प्रदेशले यो शीर्षकको बजेट खर्च गर्न सकेका छैनन् । वित्तीय व्यवस्था शीर्षकको सबै प्रदेशको बजेट खर्च शून्य छ । रासस

# पोखरा भ्रमण वर्ष घोषणाको तयारीमा महानगर



**कास्की ।**
पोखरा महानगरपालिकाले देशकै पर्यटकीय राजधानी पोखरामा २० लाख स्वदेशी तथा विदेशी पर्यटक भित्र्याउने लक्ष्यसहित पोखरा भ्रमण वर्ष घोषणाको तयारी गरिएको छ ।

पोखरा भ्रमण वर्ष २०२५ को औपचारिक घोषणा समारोह आगामी फागुन ३ गते पोखराको प्रदर्शनी केन्द्रबाट गर्ने गरी महानगरपालिकाले तयारी गरेको महानगर प्रमुख धनराज आचार्यले बताए ।

घोषणा समारोहको तयारीका लागि नगर प्रमुख आचार्यको संयोजकत्वमा एक हजार ५० सदस्यीय मूलआयोजक समिति, प्रमुख आचार्यकै नेतृत्वमा एक निर्देशक समिति र पर्यटन क्षेत्रको प्रतिनिधित्वमा कार्यसम्पादन समितिसहित ४३ वटा उपसमिति गठन गरिएका छन् ।

यी समिति तथा उपसमितिमा पोखरा महानगर क्षेत्रमा क्रियाशील सरकारी र गैरसरकारी संघ–संस्थाका प्रतिनिधि, चार वटै सुरक्षा निकाय, उद्योगी व्यवसायी, सूचना तथा सञ्चार क्षेत्र, राजनीतिक दलका प्रतिनिधि, स्थानीय टोल विकास संस्था, अधिकारकर्मी तथा नागरिक समाजका प्रतिनिधि लगायतको प्रतिनिधित्व रहेको छ ।

भ्रमण वर्षका अवसरमा विदेशमा पोखराको प्रवद्र्धन गर्ने गरी सद्भावना दूतसमेत घोषणा गर्ने तयारी गरिएको छ । वर्ष भरी पोखराको पर्यटन प्रवद्र्धनात्मक गतिविधि सञ्चालन गरिने छन् । पोखरा महानगरपालिका र गण्डकी प्रदेश सरकारको संयुक्त पहलमा महानगरका ३३ वटै वडाबाट स्थानीय भेषभुषासहित वृहत झाँकी ¥याली निकालिने छ ।पोखरा महानगर र गण्डकी प्रदेश सरकारको संयुक्त आयोजनामा उक्त कार्यक्रमको आयोजना हुने र उक्त कार्यक्रम ३३ वटै वडाको प्रतिनिधित्व हुने गरी झाँकी तथा ¥यालीको आयोजना हुने प्रमुख आचार्यले बताए । यसैगरी पर्यटनको क्षेत्रबाट ब्यानरसहित झाँकी तथा र्‍याली आयोजना गरिने छ ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पोखरा भ्रमण वर्षले पर्यटनको क्षेत्रमा राम्रो हुने बताउँदै त्यसलाई सफल बनाउनका लागि पर्यटनसँग सम्बद्ध सङ्घ संस्थाले सहकार्य गरेर अगाडि बढ्ने बताए । रासस

# तीस किलोको खुकुरी !




**रामपुर ।**
एउटै खुकुरीको मूल्य एक लाख ११ हजार रुपैयाँ भन्दा पत्यार नलाग्न पनि सक्छ । यो सुन्दा आश्चर्य लाग्छ ।

सन्तोष विश्वकर्माले तीस किलो तौल भएको एक लाख एघार हजार एक सय ११ रुपैयाँ मूल्य पर्ने खुकुरी तयार पारेका छन् । उनले तयार पारेको खुकुरी रामपुरमा जारी चौथो रामपुर महोत्सव तथा व्यापार मेलामा प्रदर्शनीमा राखिएको छ । खुकुरी यतिबेला मेलाको मुख्य आकर्षण बनिरहेको छ । नेपालीको शानको रूपमा लिइने खुकुरीको महत्त्व जोगाइराख्न र नयाँ पुस्तालाई जानकारी दिन ३० किलो तौल भएको खुकुरी तयार पारेको बताए । उनले तयार पारेको ३० किलो खुकुरी आठ फिट लम्बाइ छ भने दापसहित ४२ किलोको छ ।

तीन जना व्यक्तिको सहायता लिएर २० दिनमा खुकुरी तयार पारेको विश्वकर्मा बताउँछन् ।

खुकुरी निर्माणमा ज्याला खर्चबाहेक ३० हजार रुपैयाँ बराबरको खर्च भएको उनले बताए ।

विश्वकर्माले प्रदर्शनीमा राखेको खुकरीले दर्शकको मन जितिरहेको छ ।

मेला अवलोकन गर्न आउने दर्शकले रोचक मान्दै खुकुरी अवलोकन गर्ने, फोटो, भिडियो खिच्ने तथा टिकटक बनाएर सामाजिक सञ्जालमा राख्न थालेपछि धेरै चर्चा बटुलेको छ ।

विश्वकर्माले खुकुरीका अलवा कृषि तथा घरायसी प्रयोजनका लागि आवश्यक फलामका औजार पनि मेलाको अवसरमा बिक्रीका राखेका छन् ।

'नेपालीको शान खुकुरी हो, यसको महत्त्व नयाँ पुस्तालाई जानकारी दिन स्थानीयस्तरमा हुने मेला, महोत्सवमा प्रदर्शनीका लागि लैजाने गरेको छु, खुकुरीसँगै अन्य कृषि तथा घरायसी प्रयोजनका लागि आवश्यक पर्ने औजार प्रदर्शनीमा राख्दै आइरहेको छु', उनले भने ।

स्याङ्जाको वालिङ नगरपालिका–८ स्थित विश्वकर्मा आरन उद्योगका सञ्चालक विश्वकर्माले घर सजावटका लागि खुकुरी खोजिने भएकाले आफूले तयार पार्ने गरेको बताए । यसभन्दा अगाडि १३ केजी तौल भएको ४५ हजार र २० केजी तौलको खुकुरी ५५ हजार रुपैयाँमा बिक्री गरिसकेको जानकारी दिए ।

रामपुर उद्योग वाणिज्य सङ्घको आयोजनामा गत माघ १५ गतेदेखि सुरू भएको चौथो रामपुर महोत्सव तथा व्यापार मेला २७ गतेसम्म चल्नेछ । मेलामा स्थानीय उत्पादनमा दर्शकको आकर्षण बढिरहेको छ । रासस

# आठ करोडको लगानीमा च्याउ उद्योग

**नवलपरासी ।**
पश्चिम नवलपरासीको परासीमा संयुक्त लगानीमा च्याउ उद्योग सञ्चालनमा आएको छ । कूल आठ करोड रुपैयाँको लगानीमा स्थापना गरिएको उद्योगले मासिक २० टन डल्ले च्याउ उत्पादन गर्ने जनाइएको छ ।

रामग्राम नगरपालिका–६ पोखरापालीमा स्थापित सो उद्योगलाई युवा व्यवसायी कमल कसौधन, लवकुश वर्मा र सुनिल बर्माको टिमले उद्योग सञ्चालनमा ल्याएका हुन् । रामग्राम नगरपालिका–६ जौरहीमाई पार्कको उत्तर पट्टि करिव १६ कठ्ठा क्षेत्रफलमा उद्योग सञ्चालन गरिएको सञ्चालक कसौधनले बताए ।

बार्है महिना नै उत्पादन गर्न सकिने कुल २० टनसम्म मासिक उत्पादन हुने डल्ले च्याउको स्वदेश र विदेशसमेतमा उच्च माग रहेको सञ्चालकले बताएका छन् । पछिल्लो समय परासी आसपासको क्षेत्र औद्योगिक करिडोर पनि बन्दै हो । नवलपरासीको सदरमुकाम परासीमा साना, मझौला र ठूला उद्योग खुल्ने क्रम जारी रहेका छन् । रासस

# संस्थानका उत्पादन सबै वडामा बिक्री गर्ने व्यवस्था मिलाउन माग




**काठमाडौँ ।**
दुग्ध विकास संस्थानबाट उत्पादित दूध तथा दुग्ध पदार्थलाई ७५३ वटै स्थानीय तहका सबै वडामा बिक्री वितरणको व्यवस्था मिलाइनुपर्नेमा कर्मचारी सङ्गठनले जोड दिएको छ । दुग्ध विकास संस्थान कर्मचारी सङ्गठन नेपालले यस्तो माग गरेको हो ।

सङ्गठनले प्रेस विज्ञप्ति प्रकाशित गरी हाल आर्थिक मन्दीलगायतका कारणले संस्थानको बजार सङ्कुचन हुँदै गएकाले दूध तथा दुग्ध पदार्थको मौज्दात बढ्दै गएर समस्या आएकाले यस्तो व्यवस्था गर्न माग गरेको हो ।

७५३ वटा स्थानीय तहका छ हजार ७४३ वटै वडामा 'बसालौँ दूध तथा दुग्ध पदार्थ उपभोगको संस्कृति, ग्रामीण जनजीवनको उन्नति, राष्ट्रको प्रगति' भन्ने मूल नाराका साथ राजनीतिक दल, सामाजिक सङ्घ, संस्था, विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रममा संस्थानका दूध र दुग्धजन्य पदार्थबाट बनेका परिकारको प्रयोग गर्ने व्यवस्था मिलाउन पनि सङ्गठनले माग गरेको छ ।

कार्यक्रममा खाजा तथा चिसो पेयका ठाउँमा दूध तथा दुग्धजन्य पदार्थ नै उपयोगको व्यवस्था गर्न पनि माग गरिएको सङ्गठनका अध्यक्ष सहदेव अर्यालले बताए ।

यसबाट संस्थानको वर्तमान आर्थिक सङ्कटबाट मुक्तिका लागि सहयोग मिल्ने उनको भनाइ छ । यसले नेपाललाई दूधमा आत्मनिर्भर बनाउन र किसानको जीवनस्तर उकास्न पनि सहयोग मिल्ने आशा गरिएको छ ।

संस्थानले ४७ जिल्लामा आठ वटा दुग्ध वितरण आयोजनाका ६४ वटा दूध चिस्याउने केन्द्र र १६ चिज तथा पनिर उत्पादन केन्द्रबाट उत्पादन गरिएका दूध तथा दुग्ध पदार्थहरुको बजारीकरण गरी दैनिक ग्रामीण किसानहरुसम्म एक करोड रुपैयाँ वार्षिक रुपमा चार अर्ब रुपैयाँ भन्दा बढी नगद प्रवाह गरिरहेको छ ।

यसले देशमा स्वरोजगार उन्मुख ग्रामीण अर्थतन्त्र विकास भूमिका खेलेको छ ।

# कुमारी सहकारी हिनामिना प्रकरणः प्रहरीद्वारा अनुसन्धान सुरू

**म्याग्दी ।**
म्याग्दीको बेनी नगरपालिका–८ मा रहेको कुमारी बहुउद्देश्यीय सहकारी संस्थामा भएको बचत अपचलनसम्बन्धी मुद्दामा प्रहरीले अनुसन्धान थालेको छ ।

शेयर सदस्य तथा बचतकर्ताको शेयर, बचत तथा संस्थाका कोषहरू हिनामिना गरेको सहकारी रजिष्ट्रार कार्यालय पोखराको सिफारिसका आधारमा पाँच जना सञ्चालक, व्यवस्थापक र कागजातहरू नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले थप प्रमाण जुटाउन थालेको छ ।

सहकारी रजिष्ट्रारको कार्यालय पोखराले गरेको छानबिन प्रतिवेदनमा छ हजार बचतकर्ता रहेको विसं २०६५ मा खुलेको कुमारी सहकारीको एक अर्ब ४९ करोड रुपैयाँ अपचलन भएको उल्लेख छ । सहकारीको पैसाबाट ढुकुटी खेलाउने, बोर्डिङ स्कुल, घरजग्गामा लगाउनेजस्ता व्यक्तिगत स्वार्थमा प्रयोग भएको सहकारी रजिष्ट्रारको कार्यालयले जनाएको छ ।अनुसन्धानका लागि प्रहरीले कुमारी सहकारीका पाँच जना सञ्चालक र व्यवस्थापकलाई माघ २० गते पक्राउ गरेको थियो । प्रहरी निरीक्षक सागर पौडेलले कुमारी सहकारीको विषयमा अनुसन्धानका लागि प्रमाण जुटाउन बचतकर्ताबाट उजुरी लिने काम भइरहेको बताए ।

माघ २१ गते प्रहरीले सार्वजनिक सूचना जारी गरेर पासबुक, भौचर, स्टेटमेन्ट, मुद्दति प्रमाणपत्रलगायत प्रमाणको सक्कल साथमा लिई सम्पर्कमा आउनका लागि अनुरोध गरेको थियो । सहकारीका पूर्वसञ्चालक समितिका उपाध्यक्ष रहेका जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख राजकुमार थापा, तत्कालीन व्यवस्थापक रूद्र गुरूङ, सञ्चालक समितिका पूर्वअध्यक्ष मनप्रसाद थजाली, थमबहादुर गर्बुजा र सञ्चालक देवीकुमारी थापा प्रहरीको हिरासतमा छन् ।

बेनी नगरपालिका–१ का ३६ वर्षीया थापा गत स्थानीय तह निर्वाचनमा नेकपा (एमाले)बाट जिसस प्रमुखमा निर्वाचित भएका थिए । अदालतले अनुसन्धानका लागि उनीहरूलाई दोस्रो पटक माघ २८ गतेसम्म हिरासतमा राख्न अनुमति दिएको छ । उनीहरूमाथि बचतकर्ताको बचत रकम हिनामिना भएको सहकारी ऐन–२०७४ अन्तर्गत परिभाषित कसुरमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**बचतकर्ता समस्यामा**

अन्नपूर्ण गाउँपालिका–७ घराम्दीका ५० वर्षीय डिलबहादुर गर्बुजाले बेनीको कुमारी बहुउद्देश्यीय सहकारी संस्थामा १२ वर्षअघि मुद्दती खाता खोलेर राखेको ४३ लाख रुपैयाँ बचत फिर्ताका लागि धाउन थालेको दुई वर्ष पूरा भयो । 'बाह्र वर्ष कतारमा श्रम र पसिना बगाएर कमाएको सबै पैसा राम्रो ब्याजको प्रलोभनमा परेर सहकारीमा राखेको थिए', गर्बुजाले भने, 'सहकारीले बचत फिर्ता नगरेपछि हामीहरू विचल्लीमा परेका छौँ ।'

१० लाख १४ हजार रुपैयाँ बचत गरेकी घराम्दीकी ५० वर्षीया डिलशोभा गर्बुजाले सहकारीमा रकम डुबेपछि घरब्यवहार चलाउन, छोराछोरी पढाउन समस्या भएको गुनासो गरिन् । 'श्रीमान्ले विदेशमा दुःख गरेर कमाएको र मैले कुखुरा चल्ला बेचेर जुटाएको पैसा राखेको वर्षौंसम्म पनि सहकारीले फिर्ता दिएको छैन', उनले भनिन्,'आफ्नै पैसाका कारण आफैँले दुःख पाउने अवस्था आयो ।'

डिलबहादुर, डिलसोभा,छबहादुर पाइजालगायत १३ जनाले पीडित शुक्रबार सहकारीमा फसेको रकम उठ्ने आशामा दुई वटा जिप रिजर्भ गरेर प्रहरीमा उजुरीका लागि बेनी आएका थिए । उनीहरूको रू एक करोडभन्दा बढी रकम उक्त सहकारीमा फसेको छ ।बेनी नगरपालिका–८ मा रहेको उक्त सहकारीबाट पीडित हुने बचतकर्ता घराम्दीका मात्र छैनन् । जिल्ला प्रहरी कार्यालय म्याग्दीमा पछिल्लो पाँच दिनयता उक्त सहकारीमा डुबेको बचत रकम फिर्ता दिलाइदिन आग्रह गर्दै उजुरी गर्न आउनेको भीड लागेको छ । रासस

# प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानुपातिक संसद्का लागि संविधान संशोधन गर्नुपर्छः शर्मा



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उपमहासचिव जनार्दन शर्माले राज्यको पुनः संरचना, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय शासकीय स्वरुप र पूर्ण समानुपातिक निर्वाचन प्रणालीका लागि संविधान संशोधन गर्न सकिने बताएका छन् । उनले संविधानमा भएका अधिकारलाई कटौती गर्न र मुलुकलाई पछाडि फर्काउनका लागि गरिने संशोधन आफ्नो पार्टीलाई स्वीकार्य नभएको बताए । 'माओवादीले संविधान संशोधनयोग्य विषय हो भन्दै आइरहेको छ । संविधान संशोधन नै गर्न नपाइने, ढुङ्गामा लेखिएको अक्षर होइन', पार्टीको धारणा स्पष्ट पार्दै नेता शर्माले भने, 'तर संशोधन अग्रगमनमा जान, जनताका अधिकारलाई सुदृढ गर्न, राज्य प्रणालीलाई थप व्यवस्थित गर्न हुनुपर्छ ।' तत्कालीन नेकपा (माओवादी)ले सञ्चालन गरेको जनयुद्धमा जनमुक्ति सेनाको डिभिजन कमाण्डर, सेना समायोजन विशेष समिति सदस्य, शान्ति प्रक्रियायता शान्ति तथा पुनर्निर्माण, ऊर्जा जलस्रोत तथा सिँचाइ, गृह र अर्थमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएका शर्मा रुकुम पश्चिमबाट प्रत्यक्ष निर्वाचित सांसद हुन् । नेता शर्मासँग 'सांसदसँग रासस संवाद'का लागि राससका सहसम्पादक हरि लामिछाने र समाचारदाता अशोक घिमिरेले लिएको अन्तर्वार्ताको सम्पादित अंश ।

**– पछिल्लो राजनीतिक अवस्थालाई कसरी हेरिरहनुभएको छ ?**
सामान्यतः व्यक्तिगत राजनीतिक जीवन सामान्य रुपमा चलिरहेको छ । तर देशको आजको आवश्यकता, जनताको चाहना र राजनीतिले गर्नुपर्ने काम भइरहेको देख्दिन । सरकारहरु हामीले बनाइराखेका त छौँ । सरकारहरु बन्ने र फेरिने क्रम पनि जारी छ । पछिल्लो पटक दुई ठूला राजनीतिक दलको बलियो गठबन्धन सरकार बनेको छ । तर पनि यो सरकारले कति काम गरेर जनतालाई सन्तुष्ट गर्न सक्यो भनेर अहिले पनि प्रश्न उठिरहेको छ । सरकारका कामकारबाही निरन्तरतामा त छ, तर देशको यथार्थता, आवश्यकता र जनताको जीवन बदल्ने गरी के–के भइरहेको छ भनेर हेर्यो भने निराशा मात्र देखिन्छ । मुख्यतः स्वास्थ्य, शिक्षा र रोजगारीका क्षेत्रमा जनतामा असन्तुष्टि छ । देशभित्रै रोजगारी सिर्जना, शिक्षामा आमुल सुधार, सरल र सहज स्वास्थ्य सेवा सुनिश्चित गर्न सकिएको छैन । जनताको आकाङ्क्षा र अपेक्षाअनुसार जनजीविकाका सवालहरु प्रभावकारी रुपमा सम्बोधन हुन नसक्दा राजनीतिक परिवर्तनसँगै हाम्रो जीवनमा के परिवर्तन भयो भनेर आमजनताले प्रश्न उठाइरहेका छन् । यसको जवाफ राजनीतिले दिनुपर्ने हो, तर हाम्रो राजनीति त सरकार बनाउने र ढाल्ने तथा सरकारको आलोचना र समर्थन गर्ने होडबाजीमा सीमित छ ।

**– राजनीतिले जनजीविकाको सबाल सम्बोधन गर्न नसक्नुका कारण के रहेछ ?**
मुलभूतरुपमा राजनीति अन्तै अल्झिरहेको छ । सेवाप्रवाह भनेजस्तो हुन सकिरहेको छैन । समग्र राज्य पुनः संरचना हुनुपथ्र्यो । नयाँ योजना, कार्यशैली र संरचना हुनुपथ्र्यो । हामीले राजनीतिक परिवर्तन गरेपनि देशमा पुरानै राज्य संयन्त्रले निरन्तरता भयो । हाम्रो काम गर्ने तौरतरिका पुरानै छ । बजेट बनायो, त्यसलाई खर्च गर्ने अवस्था हुँदैन, कर्मचारीतन्त्रमा सबै कुरा अल्झन्छ । राजनीतिक नेतृत्व पनि कर्मचारीतन्त्रले के भन्छ त्यसमै लाग्छ । राजनीतिले कमान्ड गरिरहेको अवस्था छैन । अहिले झण्डै दुईतिहाइको सरकार छ, तर कमाण्ड गरेको छ त ? पूँजीगत खर्च र सेवाप्रवाहको अवस्था हेर्दा आशातित प्रगति देखिँदैन । राज्य प्रणालीलाई सुधार गर्ने, त्यसलाई बलियो बनाउने र जनताप्रति उत्तरदायी बनाउने पक्षमा कहिनकहीँ कमजोरी छ ।

**– व्यवस्था बदल्ने भनेर तत्कालीन नेकपा (माओवादी)को नेतृत्वमा दशवर्षे जनयुद्ध भयो । त्यसको जगमा मुलुक जनआन्दोलन हुँदै गणतन्त्र, सङ्घीयता र नयाँ संविधानसम्म आइपुग्दा जनताको अवस्था किन बदलिन सकेन ?**
मुलुकमा सामन्तवादको अन्त्य भएर सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना हुनु आफैँमा ठूलो उपलब्धि हो । जनतन्त्रका सवालमा संविधानमा अधिकारहरु पनि लेखिए । केही सम्बोधन गर्न बाँकी भए पनि जनताको मौलिक अधिकारको दृष्टिले धेरै विषय समेटिएका छन् । तर लेखिएका कुराहरुको व्यावहारिक कार्यान्वयन हुन सकेन । मौलिक हक कार्यान्वयन गर्न राज्यका संयन्त्र बलियो हुनुपथ्र्यो । ती जनताप्रति उत्तरदायी र सुशासनयुक्त हुनुपथ्र्यो । राजनीतिक पार्टीहरु सरकार निर्माण गर्ने र ढाल्नेमै बढी केन्द्रित हुँदा धेरै अहम् मुद्दाहरु ओझेलमा परे । जनता यसबाट अलगथलग रहे । राज्यको समग्र प्रणालीबाटजनताप्राथमिक्तामापरेनन् ।

**– संविधान संशोधन गरेर मुलुकलाई राजनीतिक स्थिरता दिने सहमतिका साथ नेपाली कांग्रेस र नेकपा (एमाले) अघि बढिरहेका छन् । संविधान संशोधनमा माओवादीको धारणा के हो ?**
माओवादीले विगतदेखि नै संविधान संशोधनयोग्य हुन्छ भन्दै आइरहेको छ । संविधान संशोधन नै गर्न नपाइने, ढुङ्गामा लेखिएको अक्षर होइन । तर संशोधन अग्रगमनमा जान, जनताका अधिकारलाई सुदृढ गर्न, राज्य प्रणालीलाई थप व्यवस्थित गर्न हुनुपर्छ । समानुपातिक, समावेशीलगायतका जनताका अधिकार खोस्ने गरी होइन कि, अझ यसलाई समृद्ध बनाएर देशलाई प्रगतिका बाटोमा लैजानका लागि गरिने संशोधनको माओवादी विरोधी होइन । राज्यको पुनःसंरचना, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय शासकीय स्वरुप र पूर्ण समानुपातिक निर्वाचन प्रणालीका लागि संविधान संशोधन गर्न सकिन्छ । तर संविधानमा अहिले भएका अधिकारलाई कटौती गर्न र मुलुकलाई पछाडि फर्काउनका लागि गरिने संशोधन हुन दिँदैनौँ ।

**– संसद्को हिउँदे अधिवेशन प्रारम्भ भइसकेको छ, हिउँदे अधिवेशनलाई विधेयक अधिवेशन पनि भनिन्छ । संविधान जारी भएको झण्डै दशक पुग्न लागिसक्यो । संविधान र सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित महत्वपूर्ण कानुन अझै निर्माण हुन सकिरहेका छैनन्, आफूलाई व्यवस्था परिवर्तनको प्रमुख संवाहक मान्ने माओवादीले उक्त व्यवस्थालाई सुदृढ बनाउन आवश्यक कानुन निर्माणमा कस्तो भूमिका खेल्छ ?**

संविधान कार्यान्वयनसँग सम्बन्धित कतिपय कानुन जारी भएर पनि कार्यान्वयनमा आउन सकेका छैनन् । कतिपय कानुन बन्न बाँकी नै छन् । जस्तो सङ्घीय निजामती, शिक्षा र प्रहरीलगायत महत्वपूर्ण ऐन बन्न बाँकी छ । ती ऐन शीघ्र जारी गर्ने सन्दर्भमा सरकारले सदनमा ल्याउने कानुनलाई संविधानको मर्म र देशको आवश्यकताअनुसार निर्माण गर्नेमा माओवादीको सक्रिय सहभागिता हुन्छ । त्यसलाई थप व्यवस्थित र जनउत्तरदायी बनाउन हामीले आफ्नो ठाउँबाट मिहेनत गर्छौँ । तर, यहाँ एउटा विषय छ, यसैसँग जोडिएको । अहिले केही अध्यादेशहरु आएका छन् । सरकारले अध्यादेश ल्याउन पाउँछ । अध्यादेशमा सबै नराम्रा कुरा छन् भन्ने पनि होइन, राम्रा कुरा पनि छन् । ती प्रावधानले कतिपय क्षेत्रमा राम्रो गर्छ भन्ने पनि छ । तर त्यसभित्र घुसाइएर आएका कतिपय प्रावधान छन्, त्यसले प्रश्नहरु उठाएका छन् । हामी त्यस्ता प्रश्नहरुको स्पष्टताका लागि सरकारसँग आग्रह गर्छौँ र नियत गलत भएका ठाउँमा प्रतिवाद पनि गर्छौँ । संसद्ले बहुमतबाट निर्णय गर्न पाउँछ, तर आम जनभावनालाई ठेस पुग्ने गरी गर्न पाइँदैन । प्रमुख प्रतिपक्षीको हैसियतले माओवादीले जनभावनालाई जोडदाररुपमा संसद र सडकमा उठाउँछ ।

**– तत्कालीन विद्रोही माओवादी र राज्यबीच विस्तृत शान्ति सम्झौता भएको १८ वर्ष नाघिसकेको छ । अझै पनि शान्ति प्रक्रियाका महत्वपूर्ण काम थाँती छन् । शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुग्न कहाँ समस्या भइरहेको छ ?**
सम्मानित सर्वोच्च अदालतले सङ्क्रणकालीन न्यायसम्बन्धी कानुन निर्माण गर्नू भनेर आदेश गरिसकेपछि पनि संसदबाट कानुन निर्माण गर्न लामो समय लाग्यो । कानुन अनुसार पहिला बनेका आयोगहरुले केही काम थालनी गरे, तर पूर्णता पाउन सकेन । १८ वर्ष लगाएर ठूलो मिहेनतका साथ हामीले कानुन निर्माण गरेका छौँ । दलहरुबीचको कार्यदलमा गहन छलफल गरेर टुङ्गोमा पुग्यौँ । सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित आयोगको पदाधिकारी छनोट गर्ने सर्च कमिटीले आफ्नो ढङ्गले काम अघि बढायो । सरकारमा सहभागी दलको प्रस्ताव माओवादीले स्वीकार गरेको पनि हो । तर त्यो सर्च कमिटीले पदाधिकारी छनौट नै गर्न नसकी विघटन भयो । यसले शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्नेतर्फ गम्भीर क्षति पुर्याएको छ । शान्ति प्रक्रिया माओवादी पार्टीको मात्रै विषय होइन । यो राष्ट्रको इज्जत, प्रतिष्ठासँग जोडिएको विषय हो । द्वन्द्वपीडित महिला, घाइते तथा सहिद र बेपत्ता परिवारको अवस्था दर्दनाक छ । छिटोभन्दा छिटो शान्ति प्रक्रियाका बाँकी काम टुङ्ग्याउनुपर्छ भनेर माओवादीले पटकपटक आवाज उठाइरहेको छ । तर यो अघि बढ्न सकिरहेको छैन । सदनमा हामी यसबारेमा पनि बहस गर्नेछौँ र छिटो अघि बढाउन सरकारलाई दबाब पनि दिनेछौँ ।

**– यहाँले अर्थ मन्त्रालयका जिम्मेवारी पनि सम्हालिसक्नुभएको छ । मुलुकको आर्थिक अवस्थालाई कसरी नियाल्नुहुन्छ । के मुलुकको अर्थतन्त्रलाई सुधार गर्न हामी चुकेकै हौँ ?**
देशको विशेषताका आधारमा विकासको आफ्नो मोडालिटी तयार गर्नुभन्दा अरुको देखासिखीमा हामी लाग्यौँ । राष्ट्रिय प्राकृतिक साधनस्रोतलाई महत्व दिएर बढीभन्दा बढी उपभोग गर्नुपर्नेमा हामी अन्यन्त्रै अल्झियौँ । अर्थतन्त्रको बोक्रे कुरा गर्यौँ । हामीले जमिन, जङ्गल, जनशक्ति, पानी र खानीको कुरा गरेनौँ । यसको सदुपयोग गर्नतर्फ नलागेर युवालाई विदेश पठाउनेतिर बढी जोड दियौँ । उत्पादनमुखी अर्थतन्त्रको विकास गर्न लागेनौँ । स्वदेशमै रोजगारी सृजना गर्ने, आम्दानी वृद्धि गर्नेतर्फ ध्यान दिएनौँ । आर्थिक समुन्नतिका लागि पहिलो अर्थतन्त्रको मोडल नै बदल्नुपर्छ । आत्मनिर्भरता पक्षमा नगई युवालाई विदेश पठाउने र विप्रेषणमा रमाउने प्रक्रिया जब सुरु भयो, त्यसले गडबड गरिरहेको छ । अहिले हामी उल्टो बाटोमा छौँ, यसलाई नसुल्टाएसम्म अर्थतन्त्रको सुधारका कुरा बेकार छ । समग्र आर्थिक पुनःसंरचना र मोडल परिवर्तन गरेर आमजनताको तागतमा सबै साधनस्रोतको उपयोग नगरिकन अर्थतन्त्र माथि उठ्दैन ।

**– जाजरकोट, रुकुम सहित पश्चिम नेपालमा भूकम्पले गरेको क्षति ठूलो छ । भूकम्प पीडितहरु अहिले पनि पालमै बसिरहेका छन् । उनीहरुका लागि यहाँले के गरिरहनु भएको छ ?**
भूकम्पको कुरा गर्दा, पश्चिम नेपालमा भूकम्प गएको जानकारी पाउनेबित्तिकै म त्यसतर्फ केन्द्रित भएँ । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई बिहानै भूकम्पको केन्द्रबिन्दुमा लैजान मैले नै प्रयत्न गरेँ । त्यहाँ गएर राहत र उद्धार राम्रो भयो । त्यसपछि पीडितका लागि अस्थायी आवास निर्माण गर्ने कुरा आयो, त्यसमा सिङ्गो देशभरका स्वयम्सेवक आउनुभयो । म पनि जनतासँगै खटिएँ । पुनःनिर्माणका लागि अघिल्लो सरकारले प्रतिपरिवार रु पाँच लाख दिने गरेको निर्णय कार्यान्वयन हुन पाएन । भूकम्प गएको वर्षदिन बितिसक्यो, अझै पुनःनिर्माणका काम भएको छैन । यतातर्फ सरकारको ध्यान जानुपर्छ । छिटोभन्दा छिटो पुनःनिर्माण नगरी जनतालाई सेवा दिन सकिँदैन । भूकम्पपीडितको पीडामा मलम लगानुपर्छ भनेर म हरेक दिन सिंहदरबार धाइरहेको छु ।

**– विगतमा यहाँले महत्वपूर्ण मन्त्रालयहरुको जिम्मेवारी सम्हाल्नुभयो । त्यसलाई कसरी सम्झनुहुन्छ ?**
अर्थ मन्त्रालयको जिम्मेवारी सम्हाल्दा गरिबी निवारण गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने मोडल बनाउन खोजेको हो । शिक्षालाई सीप र उत्पादनसँग जोड्ने र औद्योगिक आत्मनिर्भरको अवस्था सिर्जना गर्ने नीति देश र जनताप्रति केन्द्रित थियो । मेरो नीतिले कहाँकहाँ हल्लायो, कसलाई नाफाघाटा भयो मैले हिसाब गरिनँ । मैले देशको नाफाघाटालाई हेरेँ । उच्च शिक्षा अध्ययन गरेकाले अनिवार्य एउटा सीप सिक्ने, सूचना प्रविधिका क्षेत्रमा कर मिनाहा, स्टार्टअपलाई प्राथमिकता, भौतिक पूर्वाधारको समानुपातिक विकासको नीति अघि सारेको थिएँ । ती योजनाले राजनीतिक र आर्थिक क्षेत्रमा कम्पन गर्यो भन्ने लाग्छ । त्यतिबेला सबैकुरा मेरा विरुद्धमा आयो, अब अहिलेको अर्थतन्त्र कहाँ छ ? आज यहाँसम्म आइपुग्दा त सबैलाई महसुस भइरहेको छ कि मैले गरेको ठिक कि बेठिक भनेर । देशलाई आत्मनिर्भर बनाउने कुरा मैले गरेँ, त्यो राष्ट्र र जनताको पक्षमा थियो ।
मैले ऊर्जा मन्त्रालयमा जिम्मेवारी पाउँदै गर्दा मुलुकमा चर्को लोडसेडिङ थियो । मैले लोडसेडिङ अन्त्य गर्छु भनी प्रतिबद्धता व्यक्त गरेँ । ढल्केवर सवस्टेसन अलपत्र थियो, तीन सिफ्टमा काम गराएँ । नेपाल विद्युत् प्राधिकरण घाटामा थियो, आजको दिनदेख नाफामा लैजानुपर्छ भनेर त्यहाँभित्रको भ्रष्टाचार र बिजुली चोरेर बेच्ने प्रवृत्तिको अन्त्य गरेँ । यसबाट लोडसेडिङ अन्त्य भयो । जिम्मा पाएको ठाउँमा आफ्नो तागतले भ्याएसम्म इमान्दारितापूर्वक काम गर्ने हो । व्यक्तिगत स्वार्थ र फाइदा हेर्ने होइन ।

**– पार्टीभित्र तपाइँ नेतृत्वका सवालमा बेलाबखत विवादमा आइरहनु हुन्छ । पार्टी संगठनलाई सुदृढ बनाउन के गर्दै हुनुहुन्छ ?**
अब पार्टीमा हिजोको अवस्थाबाट आजको अवस्थामा आइपुग्नुमा जिम्मेवार को त ? पार्टीका नेता जिम्मेवार हुने होला नि त ? मुख्य नेता मुख्य, अरु नेता त्यहीअनुसार हुँदै जाने होला त क्यारे । हामीले कमजोरी गर्यौँ भनेर महसुस गर्नु परेन ? हिजोको वर्ग, दलित, महिला मधेसी, आदिवासी जनजाति, गरिबलाई दिएका आश्वासन पूरा गर्न लाग्यौँ कि कता लाग्यौँ भनेर आज प्रश्न उठिरहेको छ । हो त्यो प्रश्नको जवाफ दिनुपर्छ । हामी विचलित भयौँ भनेर मैले पार्टीभित्र प्रश्न उठाएको हो । त्यसका लागि पार्टीभित्र छलफल हुनुपर्छ । अबको बाटो के हुने भनेर पार्टीमा वैचारिक वहस, विधि र प्रणाली चाहिन्छ । यो पार्टी निर्माणको उद्देश्य र पार्टीलाई बलियो बनाउने विषयमा केन्द्रित भएर लामो छलफल भयो । केन्द्रीय समितिसम्म आइपुग्दा मैले राखेको धारणा नै केन्द्रीय समितिको एजेन्डा बन्यो ।
मैले उठाएका बहस, पार्टीभित्र सुधार गर्ने र पार्टीलाई लोकतान्त्रिक गर्ने बहस, विद्यार्थी सङ्गठन विषयसम्म आइपुग्दा निर्वाचन गरेर त्यसलाई स्थापित गर्ने बहसले पार्टीलाई लोकप्रिय बनाउनेतर्फ नयाँ लहर आएको छ । पार्टीका नेताको सम्पत्ति छानबिन गर्ने कुरा अघि बढाएपछि जनतामा विस्तारै विश्वास जागेको छ । अब फेरि नढाँटीकन, जनतालाई छलछाम नगरी गर्यो भने माओवादी फेरि सशक्त भएर आउने देखिन्छ । मैले अघि सारेको एजेण्डाअनुसार पार्टी केन्द्रमा निर्णय भएका छन् ।

**– पार्टीभित्र पनि उमेर हद लगाउनुपर्छ यहाँको दृष्टिकोण हो ?**
विद्यार्थी सहित पार्टीका सबै मोर्चामा उमेर हद लगाउने, निर्वाचित गर्ने र अवधि तोक्ने कुरा हुन्छ । कुन उपयुक्त हुने हो, अवधि गर्ने कि, उमेर हद लगाउने कि, निर्वाचन प्रक्रियाबाट हल गर्ने कि ? निर्वाचन हुँदा त कति वर्षसम्मले लड्न पाइन्न भन्ने पनि नहुन सक्छ नि । त्यसैकारण मैले यही भन्ने भएन तर महाधिवेशनमा जाँदा यी विषय निचोडमा पुगिन्छ ।

**– यहाँले पार्टीभित्र उमेर हद र प्रतिस्पर्धाको कुरा गरिरहँदा पार्टी नेतृत्व लिनका लागि पूर्वयोजना बनाइरहेको भन्ने टिप्पणी छ नि ?**
हैन, नेतृत्व लिने भनेर योजना बनाएर केही पनि गरेको होइन । माओवादी पार्टी हिजो के थियो ? आज कहाँ छ ? यो कुराको समीक्षा गरेको हो मैले । हिजो माओवादीको लहर आज किन घट्यो ? किन हामीले निर्वाचन क्षेत्रको रक्षा गर्न सकेनौँ ? भन्नैपर्छ, जनताका समस्या हामीले सुनेनौँ । त्यसैले जनताका समस्या हल गर्ने, हामीले जुन वर्गको प्रतिनिधित्व गर्ने भन्छौँ, त्यसको समस्या हल गर्न सक्ने हैसियत माओवादीसँग हुनुपर्यो नि । त्यो हैसियत राख्न सक्ने पार्टी बनाउन सक्नुपर्छ भन्ने बहस हो यो । त्यो बहस गर्दा आरोप लगाउने भन्ला नेतृत्व गर्नलाई यति गर्यो भनेर । म पार्टी नेतृत्व लिन्छु र लिन्न भनेर हुने होइन, त्यो त परिस्थिति, आन्दोलन र संयोगले हुने कुरा हो । नेतृत्वको अभिलाषा गरेर बहस गरेको होइन, पार्टीभित्र सुधार आन्दोलनको कुरा गरेको हो । पार्टीलाई बलियो बनाएर संविधान र जनअधिकारको रक्षा गर्ने हो ।

# परराष्ट्र सम्बन्ध सन्तुलित हुनुपर्ने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
परराष्ट्र मामिलाका जानकारहरुले देशको परराष्ट्र सम्बन्ध सन्तुलित हुनुपर्नेमा जोड दिएका छन् । जनकपुर साहित्य महोत्सवमा 'नेपालको परराष्ट्र नीति र सीमाञ्चल' शीर्षकमा भएको छलफलका वक्ताहरूले नेपालको परराष्ट्र नीति, सीमाञ्चलको अवस्था र समसामयिक चुनौतीहरूबारे आफ्ना धारणा राखेका थिए । छलफलमा सहभागी पत्रकार सुधीर शर्माले भने, 'नेपालको परराष्ट्र नीतिको ऐतिहासिक पृष्ठभूमि र वर्तमान परिप्रेक्ष्यबारे चर्चा गर्दै इतिहासमा नेपालले परराष्ट्र सम्बन्धमा धेरै उतारचढाव देखेको छ ।' उनले नेपाल–भारत र नेपाल–चीन सम्बन्धका ऐतिहासिक घटनालाई स्मरण गर्दै नेपालले परराष्ट्र नीतिमा गर्नुपर्ने परिमार्जनबारे सुझाव दिए । उनले विगतका अनुभवबाट सिकेर भविष्यका लागि रणनीति बनाउनुपर्ने धारणा राखे । परराष्ट्रविद् इन्द्र अधिकारीले नेपालको परराष्ट्र नीतिमा सन्तुलनको आवश्यकता औँल्याए । नेपालले छिमेकी राष्ट्रहरू भारत र चीनसँग सन्तुलित सम्बन्ध कायम राख्नुपर्ने बताउँदै उनले नेपालले असंलग्न परराष्ट्र नीतिलाई आत्मसात् गर्दै अन्तर्राष्ट्रिय सम्बन्धमा आफ्नो स्वतन्त्र पहिचान स्थापित गर्नुपर्नेमा जोड दिए । पत्रकार तथा विश्लेषक तुलानारायण साहले सीमाञ्चलको समृद्धिका लागि प्रभावकारी परराष्ट्र नीति आवश्यक रहेको बताए । सीमावर्ती क्षेत्रका समस्याहरू, जस्तै अवैध व्यापार, मानव तस्करी र सीमाङ्कन विवादबारे चर्चा गर्दै यी समस्याहरू समाधान गर्न नेपालले छिमेकी राष्ट्रहरूसँग सहकार्य गर्नुपर्ने उनको सुझाव छ । उक्त सत्रका सहजीकरण अनिल गिरीले गरेका थिए ।

# २० वटा अस्पतालमा मुख्यमन्त्रीको अनुगमन
## स्वीकृति नलिएकालाई बन्द गर्न निर्देशन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनशक्ति, भौतिक पूर्वाधार, उपकरण, सरसफाइ लगायतका मापदण्ड पुरा नगरी जनकपुरधाममा बग्रेल्ती खोलिएका निजी अस्पतालहरूलाई आइतबारसम्म आफैँले ताल्चा लगाउन अस्पताल सञ्चालकहरूलाई मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले निर्देशन दिएका छन् । शनिबार जनकपुरधामको मुजेलियादेखि भ्रमरपुराचोकसम्मका २० वटा निजी अस्पतालमा अनुगमन गरेका मुख्यमन्त्री सिंहले बहुसंख्यक अस्पताल कानुनअनुसार सङ्घ, प्रदेश र स्थानीय सरकारबाट स्वीकृति नलिइकनै सञ्चालन भइरहेकाले ती ठाउँमा उपचार गराइरहेका बिरामीलाई वैधताप्राप्त अस्पतालमा सारेर अस्पताल बन्द गर्न सञ्चालकहरूलाई निर्देशन दिएका हुन् ।

मुख्यमन्त्री सिंहले शनिबार अनुगमन गरेका निजी अस्पतालमा जीवनज्योति हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि, बिएन हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि, जनकपुर सीता हस्पिटल प्रालि, जनकपुर ग्रान्डी हस्पिटल प्रालि, रामा मेमोरियल हस्पिटल एन्ड रिसर्च सेन्टर, मल्टी स्पेसयलिटी हस्पिटल एन्ड ट्रमा सेन्टर, समर हस्पिटल, केयर मेडिकल सेन्टर प्रालि, नेपाल एपोलो हस्पिटल प्रालि, श्रीराम हस्पिटल प्रालि, नयना अस्पताल एन्ड प्रालि, अरमान हस्पिटल प्रालि, मिहिलाल इन्टरनेसनल प्रालि, सहयोग हस्पिटल प्रालि, जनकपुर मोडर्न हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि, माँ गायत्री मेमोरियल हस्पिटल प्रालि, म्याक्स हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि, स्वस्तिका हेल्थकेयर अस्पताल प्रालि, लाइफ केयर एन्ड रिसर्च सेन्टर प्रालि र ओम दीर्घायु हस्पिटल प्रालिमा छन् ।

मुख्यमन्त्री सिंहले अनाधिकृत तवरले खेलिएका ती अस्पताल र स्वीकृतिप्राप्त गरे पनि मापदण्डसम्बन्धी शर्त पुरा गरेको अवस्थामा नदेखिएका अस्पताललाई अस्पताल सञ्चालनसँग सम्बन्धित सबै कागजपत्र लिएर सरकारको सम्पर्कमा आउन सञ्चालकहरूलाई भनेका छन् । उनले स्वीकृतिप्राप्त तर नवीकरण नभएका, स्वीकृति प्रक्रियामा रहेका र स्वीकृतिबिनै सञ्चालनमा रहेका अस्पताललाई वैधता प्राप्त गरेर मात्र सेवा सञ्चालन गर्न चेतावनीसमेत दिएका छन् । अनुगमनक्रममा उनले अस्पताल सञ्चालकहरूलाई भने, 'स्वीकृति नलिई मनपरी अस्पताल सञ्चालन गर्न पाइँदैन । स्वीकृति लिनुस्, चलाउनुस् । होइन भने बन्द गर्नुस् ।



आइतबारसम्म अस्पतालका बिरामी अन्य स्वाथ्य उपचार सेवामा सारेर आफैँले बन्द गर्नुभएन भने हामी सरकारी टोली परिचालन गरेरै बन्द गराउनेछौँ ।' मुख्यमन्त्री सिंहले अवैध अस्पताल सञ्चालन गर्ने सञ्चालकसँगै कार्यरत कर्मचारीसमेतलाई कारबाही गरिने बताए । मुख्यमन्त्री सिंहले निजी अस्पतालका लागि लिइएको स्वीकृति कागजातलगायत दस्ताबेज, मापदण्डअनुसार जनशक्तिको सँख्यात्मक उपलब्धता र खटनपटन, स्वास्थ्य उपकरण, सेवाको उपलब्धता र गुणस्तर र भौतिक संरचनाबारे जानकारी लिएका थिए ।

मुख्यमन्त्रीको अनुगमन टोलीमा प्रदेश सरकारका मुख्यसचिव मदन भुजेल, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका निमित्त सचिव राजेशकुमार मिश्र र सोही मन्त्रालयका जनस्वास्थ्य अधिकृत एवम् अस्पताल अनुगमन समितिका सदस्यसचिव सन्तोषकुमार ठाकुरलगायत सहभागी थिए । अनुगमन टोलीका सदस्य एवम् जनस्वास्थ्य अधिकृत ठाकुरका अनुसार इमरजेन्सी, फार्मेसी, बहिरङ्ग तथा अन्तरङ्ग कक्ष, ल्याब, एक्सरे, प्रसूतिकक्ष, शल्यक्रिया कक्ष, सघन उपचार कक्ष, नवजात शिशु सघन उपचार कक्ष, अस्पतालबाट निस्किने फोहोर विसर्जन गर्ने प्रक्रिया लगायत विषयमा अनुगमन गरिएको जानकारी दिए ।

मुख्यमन्त्री सिंहका प्रेस सल्लाहकार अनिलकुमार कर्णले अनुगमन भएका मध्ये केही अस्पतालसँग अस्पतालले सेवा सञ्चालन स्वीकृति विभिन्न तहका सरकारबाट प्राप्त गरे पनि नवीकरण नगराएका, अधिकांश अस्पताल प्रालिमा दर्ता भए पनि अस्पताल सेवा सञ्चालन स्वीकृति नलिएका, जस्वास्थ्य नियमावलीले तोकिएका मापदण्डअनुसार अधिकांश अस्पतालमा भौतिक संरचना नरहेका, फार्मेसी अध्ययन गरेका जनशक्ति नभई स्वास्थ्यकर्मीबाटै अस्पताल फार्मेसी सञ्चालन भएका, धेरैजसो अस्पतालमा एकाधबाहेक चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारी नभेटिएका देखिएको बताए । यसअघि मुख्यमन्त्री सिंहले शुक्रबार मध्यराति जनकपुरधामस्थित मुस्कान अस्पतालमा अनुगमन गरी अस्पताल सेवा सञ्चालन स्वीकृति नलिँदासम्म बन्द गर्न निर्देशन दिएका थिए । अस्पताल सञ्चालकले शनिबार मुस्कान अस्पताललाई बन्द गरेका छन् ।

# परवानीपुर गोल्डकपको उद्घाटन खेलमा रोमन क्लब विजयी



**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको परवानीपुरमा चौथो परवानीपुर गोल्डकप फुटबल प्रतियोगिता शुरू भएको छ । वीरगंज महानगरपालिका वडा नम्बर २१ परवानीपुर खेल मैदानमा शुरू भएको प्रतियोगिताको उद्घाटन खेलमा रोमन फुटबल क्लब हरिवन विजयी भएको छ । उद्घाटन खेलमा रोमन फुटबल क्लब हरिवनले शक्ति युवा क्लब परवानीपुरलाई ३–० गोलले पराजित गरेको हो । खेलको म्यान अफ दी म्याच हरिवनका बिनु मगर घोषित भए । परवानीपुर युथ क्लबले आयोजना गरेको प्रतियोगितामा ८ टिम सहभागी छन्। प्रतियोगितामा आइतबार बाराको सिमराको नव जनजागृती युवा क्लब र मकवानपुरको हेटौडा फुटबल एकेडेमीबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिता फागुन ३ गतेसम्म चल्नेछ ।

खेलअघि प्रतियोगिताको प्रमुख अतिथि लोसपाका उपाध्यक्ष, मधेश प्रदेससभा सदस्य तथा पूर्वमन्त्री जितेन्द्र सोनलले उद्घाटन गरेका थिए । परवानीपुर युथ क्लबका अध्यक्ष अख्तर अलि अन्सारीको अध्यक्षतामा भएको उदघाटन समारोहमा वीरगंज महानगरपालिका वडा नम्बर २१ का वडा अध्यक्ष राधाकृष्ण रौनियार, परवानीपुर गाउँपालिका वडा नम्बर ३ का वडा अध्यक्ष इब्राहिम मियाँ, पूर्व वडा अध्यक्ष अनिल राम, वडा नम्बर २१ का पूर्व वडा अध्यक्ष हबिब मियाँ, जिल्ला फुटबल संघ पर्साका अध्यक्ष अनिल कुमार गुप्ता लगायत विभिन्न संघसंस्थाका प्रतिनिधि, सञ्चारकर्मी लगायतको उपस्थिति थियो ।

# कृषि तथा पशुपालनसम्बन्धी गोष्ठी



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
मेगा कृषि एक्स्पो चानपुरा बसैठको दोस्रो दिन कृषि विज्ञान केन्द्रको अडिटोरियम मा डा. एसके चौधरीको अध्यक्षतामा गोष्ठी भएको छ । गोष्ठीमा भारत सरकारका पूर्वमन्त्री पद्मभूषण हुकमनारायण यादवले भारत कृषि प्रधान देश भए पनि किसानले उचित सिँचाइ, उन्नत बीउ र मल नपाएको बताए । 'मजदुर नहुँदा किसानले समस्या भोगिरहेका छन् । प्रकृतिको दोहन गरिरहेका छौं । वर्षायाममा खेतमा गँड्यौला समस्या हुने गरेको छ ।' उनले भने, 'अहिले विदेशबाट गँड्यौला ल्याइरहेका छौं । गोरु खेती गर्दैनौं । त्यसैले गाईको संख्या घट्दै गएकाले दूधको समस्या उत्पन्न भएको छ ।'

जेडीयूका राष्ट्रिय अध्यक्ष तथा राज्यसभा सांसद सञ्जय कुमार झाले कोशी नदीको काम सकिएपछि मिथिला क्षेत्रमा सिँचाइको समस्या अन्त्य हुने बताए । भाक्रा नङ्गल बाँधजस्तै नहरको पनि कङ्क्रिटिङ भइरहेको उनले बताए । बिहार सरकारका पिछड़ा र अति पिछड़ा कल्याण मन्त्री हरि सहनीले भारत सरकारले मखाना उद्योगको लागि विशेष पहल गरेको बताए । उनले भने, 'बिहारमा ८ लाख हेक्टर जमिन मखाना र माछा उत्पादनका लागि उपयुक्त छ, जसले किसानलाई फाइदा पुग्नेछ ।' नेपालको कृषि मन्त्रालयका पूर्वसचिव योगेन्द्रकुमार कार्कीले नेपाल र भारतबीच संयुक्त कृषि अभियान सञ्चालन गर्नुपर्ने बताए । दुवै देशका कृषि विज्ञहरूले आ–आफ्नो अनुभव साझा गर्नुपर्नेमा उनले जोड दिए । जयपुर कृषि विश्वविद्यालयका उपकुलपति बलराज सिंहले कृषकले मोटो अन्न खेतीमा ध्यान दिनुपर्ने बताए । कृषकले विशेष दुध दिने मुर्रा भैंसी र सहिवाल गाई पाल्नु पर्ने उक्त गोष्ठीमा सुरिनामका राजदूत रुस, नेपाललगायत विश्वका दुई सयभन्दा बढी कृषि विज्ञ, पत्रकारलगायतको सहभागिता रहेको थियो ।

# रोटरी कपः रोटरी क्लब अफ वीरगंज मेट्रोपोलिस विजयी





**मधेशदृष्टि**
**वीरगंज ।**
रोटरी क्लब अफ वीरगंज र रोटरी क्लब अफ वीरगंज मेट्रोपोलिसको संयुक्त आयोजनामा रोटरी मैत्री क्रिकेट प्रतियोगिता सम्पन्न भएको छ । महिलातर्फको प्रतियोगितामा विभिन्न क्लबका टोलीहरूले सहभागिता जनाएका थिए । प्रतियोगिताको पहिलो खेल रोटरी क्लब अफ वीरगंज र रोटरी क्लब अफ वीरगंज मेट्रोपोलिस बीच भएको थियो ।

पाँच ओभरको खेलमा रोटरी क्लब अफ वीरगञ्ज ले २८ रनको अन्तरले जीत हासिल गर्‍यो । पुरुषतर्फको खेलमा रोट्रयाक्ट क्लब अफ वीरगंज मेट्रोपोलिस र रोट्रयाक्ट क्लब अफ युनाइटेड वीरगंजले संयुक्त रूपमा रोट्रयाक्ट क्लब अफ वीरगंज र रोट्रयाक्ट क्लब अफ शंकराचार्यलाई पराजित गर्‍यो । ९ ओभरको खेलमा युनाईटेडले ७५ रनको फराकिलो जीत निकाल्यो । त्यस्तै पुरुषतर्फको तेस्रो खेलमा रोटरी क्लब अफ वीरगंज मेट्रोपोलिस र रोटरी क्लब अफ वीरगंज बीच सम्पन्न भयो । यस खेलमा रोटरी क्लब अफ वीरगंज मेट्रोपोलिसले ९ ओभरमा ८२ रनको विशाल अन्तरले जित दर्ता गर्‍यो । प्रतियोगिताले क्लबहरूबीच आपसी भाइचाराको सम्बन्ध थप मजबुत बनाएको रोटरी क्लब अफ वीरगंज मेट्रोपोलिसका अध्यक्ष अनिल जैसवालले बताए ।

# दस दिनदेखि बेपत्ता बालकको शव फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको जितपुर सिमरा मामाघरबाट १० दिनअघि गत बिहीबारदेखि बेपत्ता रौतहटका एक बालकको शव फेला परेको छ ।

रौतहटको दुर्गा भवानी गाउँपालिका–१ का ३ बर्षीय हन्श चौधरी नाम गरेका बालकको शनिबार दिउँसो शव फेला परेको हो । इलाका प्रहरी कार्यालय सिमराकी प्रमुख प्रहरी नायव उपरीक्षक (डिएसपी) सुभद्रा वाइबाले बालकको शव भेटिएको पुष्टि गरेकी छन् । उनका अनुसार वीरगंज महानगरपालिका–३२ र जितपुरसिमरा उपमहानगरपालिका–७ को सिमानामा पर्ने टेढामा पर्ने कियासोती खोलामा डुबेको अवस्थामा शव फेला परेको हो ।

शवको नारायणी अस्पतालमा पोष्माटम गरेर परिवारलाई बुझाइएको छ ।

# मिथिला चित्रकला प्रशिक्षकलाई प्रमाण पत्र



एस.के .चौधरी एजुकेशन ट्रस्ट सेन्टरद्वारा सञ्चालित कृषि विज्ञान केन्द्र चानपुरा बसैठमा आयोजित ९ औँ मेगा एक्स्पो २०२५ मा १७५ विद्यार्थीलाई एस .के .चौधरी ट्रस्ट सेन्टर अन्तर्राष्ट्रिय सम्मेलनमा प्रमाणपत्र भारतका पूर्व संघीय मंत्री पद्मभूषण हुक्म देव नारायण यादवले वितरण गरिएको थिए । उनले भने, 'मिथिला चित्रकलामा अभ्यास बिना प्रशिक्षण बेकार छ । मिथिला चित्रकला संसारभर प्रसिद्ध छ । विश्वमा यसको माग निकै बढेको छ यो कला अपनाएर राम्रो आम्दानी गर्न सकिन्छ । भारतका अर्थमन्त्री निर्मला सीतारमणले पनि यसपटक मिथिला पेन्टिङ सारी लगाएर बजेट भाषण दिएकी थिइन् ।'

कार्यक्रममा अखिल भारतीय गुरुकुल तथा गौशाला रिसर्च बिहार राज्य उपाध्यक्ष उमाशंकर प्रसाद, बिहार किसान मोर्चा सदस्य अनुराग साहनी लगायतको उपस्थित रहेको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन